सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.द्वारा प्रकाशित

# छिमेकी

भाद्र २०८२

समुदायमा आधारित बचत तथा ऋण सहकारी अभियानप्रति समर्पित

## सिद्धि गणेशद्वारा ज्येष्ठ नागरिक सम्मान




भक्तपुर, ९ चैत । सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्थाले २०८१ चैतसम्ममा ७० वर्ष पुगेका ज्येष्ठ नागरिकहरूलाई एक विशेष समारोहका बिच शनिबार सम्मान कार्यक्रमको आयोजना गरेको छ ।

२०७० सालदेखि गर्दै आएको सो ज्येष्ठ नागरिक सम्मान कार्यक्रम ११ औं पटकको थियो । हालसम्म संस्थाले ९ सय ६७ जनालाई सम्मान गरिसकेको छ । उक्त कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष एवम् वरिष्ठ राजनीतिज्ञ नारायणमान बिजुक्छें (रोहित) ले ज्येष्ठ नागरिकहरूको स्वास्थ्य र दीर्घायु जीवनको लागि जहिल्यै क्रियाशील भइरहनुपर्नेमा जोड दिनुभयो । उमेर गएसँगै विगतमा झैं काम गर्न नसक्ने स्मरण शक्ति कम हुँदै जाने हुँदा आ-आफ्ना पुराना अनुभव, संस्कार, संस्कृति नयाँ पुस्तामाझ हस्तान्तरण गर्नुपर्ने आवश्यकता औंल्याउँदै उहाँले संस्थालाई भरपर्दो, दिगो बनाउन र जनताको आवश्यकता पूरा गर्न बारम्बार बैठक गरिरहनुपर्ने बताउनुभयो । 'चीनमा छिटो विकास हुनुको एउटा कारण देश र जनताको आवश्यकताबारे पटक पटक बैठक हुनु, विज्ञ र अनुभवीहरूसँग विचार आदानप्रदान हुनु हो । विचार आदानप्रदान हुँदा एउटा गतिलो निचोड निस्केको हुन्थ्यो', उहाँले भन्नुभयो ।

स्थानीय तह स्वायत्त हुनु पुर्ने कुरा स्पष्ट पार्दै उहाँले जनताको भावना, संस्कार, संस्कृति र समस्या बुझ्ने स्थानीय व्यक्ति नै स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत हुनुपर्ने उल्लेख गर्नुभयो । विभिन्न जनजातिहरूको आगमनबारे उल्लेख गर्दै अध्यक्ष रोहितले बाह्य प्रभावकै कारण नेवार जनजातिको नाउँमा अधिकांश संस्कृत शब्द प्रयोग भइरहेको दृष्टान्त प्रस्तुत गर्नुभयो । पूर्वजहरूले थालेका संस्कार, संस्कृति र भनाइ विज्ञान सम्मत भएको स्पष्ट पार्दै उहाँले आफ्नै भूमिमा उत्पादित वस्तुको सेवन नगरी बाह्य मुलुकबाट सामान प्रयोग गरिरहको हुँदा स्वदेशी रकम विदेशिरहेकोमा उहाँले चिन्ता व्यक्त गर्नुभयो । सरकारी नीति तलमाथि पर्ने बित्तिकै राम्ररी सञ्चालन भएका समुदायमा आधारित सहकारी संस्थाहरूको स्थिति नै परिवर्तन हुनेतर्फ चनाखो हुन आग्रह गर्दै उहाँले कृषि सहकारीले किसान संगठन गरेर संघर्ष गर्ला भनेरै सरकारले कृषि सहकारी संस्थालाई प्राथमिकता नदिएको बताउनुभयो । ज्येष्ठ नागरिकहरूप्रति गर्नुपर्ने स्याहारसुसार कम हुँदै गएकाले चीनमा ज्येष्ठ नागरिकहरूलाई हेर्नेपर्ने नयाँ कानुन ल्याएर नयाँ पुस्तालाई कर्तव्यबोध गराएको जानकारी उहाँले दिनुभयो । 'घरमा कोही नभएकाहरूका लागि आदर निकेतन आवश्यक छ । परिवार भए सन्तानले घरमै हेरविचार गर्नुपर्छ । ज्येष्ठ नागरिकहरु एक्लै बस्नु हुँदैन । समुदायभित्र रहेर कुराकानी गरिरहनुपर्छ ज्येष्ठ नागरिकका अनुभव, कला र सीप नयाँ पुस्तामा हस्तान्तरण गर्नुपर्छ उनीहरूसँग पैसाले लिन नपाउने ज्ञान हुन्छ । चुप लागेर बसे स्मरण शक्ति घट्नेछ ।'

पढेलेखेका महिला र अनपढ महिलाबिच ज्ञानमा धेरै भेद हुने उल्लेख गर्दै उहाँले पुरानो पुस्ताले नयाँ पुस्तालाई अर्ति-उपदेश दिएर सत्मार्गमा ल्याउनुपर्ने आवश्यकता बोध गर्नुभयो । चुरोट, रक्सी सेवन र खानपिनमा नियन्त्रण गर्नुपर्नेमा जोड दिँदै उहाँले आफ्नै बारीमा उत्पादित कति तरकारी रोग निको पार्ने औषधिको रूपमा प्रयोग भएको स्मरण गराउनुभयो ।




ख्वप अस्पतालका चिकित्सक डा. रत्नसुन्दर लासिवाले सहकारी संस्थाको दायित्व सम्झेरै संस्थाले स्वास्थ्य शिविर र ज्येष्ठ सम्मान कार्यक्रम गरिरहेको चर्चा गर्दै ज्येष्ठ नागरिकसँग रहको कला, सीप, ज्ञान र अनुभव नयाँ पुस्तामाझ पुऱ्याएर सुसूचित गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो । समाजमा उच्च रक्तचाप, मधुमेह, दीर्घ दमखोकीजस्ता नसर्ने रोगहरू तुलनात्मक रूपले बढिरहेको जानकारी दिँदै क्यान्सरबाट बच्न चुरोट सेवन छोड्नुपर्ने बताउनुभयो । स्वास्थ्योपचारमा बढी खर्च भएको कारण पढाइ र खानपिनमा समस्या भएको उल्लेख गर्दै उहाँले स्वास्थ्य बीमा गर्नुपर्नेमा जोड दिनुभयो ।

बाँकी पृष्ठ ११ मा

# सम्पादकीय

२०८२ सालको शुभ विजया दशमीको अवसरमा सम्पूर्ण सहकारी शेयर सदस्य तथा शुभ चिन्तकहरूमा मंगलमय शुभकामना व्यक्त गर्दछु । देशमा नयाँ सहकारी ऐन आएको छ । साथै राष्ट्र बैंकले सहकारीहरू मध्ये २५ करोड भन्दा बढि कारोवार गर्नेहरूको लागि छुट्टै निर्देशिका जारी गरेको छ । सहकारी ऐन मै सहकारी संस्थाहरूलाई अनुगमन तथा सहकारी सिद्धान्त र नियम अनुसार कर्जा बचत भए नभएको निगरानी निकाय सहकारी प्राधिकरण गठन गरेको छ जुन प्राधिकरणलाई जिल्ला अदालत संग भएको अधिकार दिएको छ ।

सहकारी बैंक र प्रधिकरणको निर्देशन अनुसार बचत तथा ऋण सहकारीलाई वित्तिय संस्थाको रूपमा हेरी त्यही अनुसार नियम बनाई निर्देशन जारी गरेको छ । समान प्रकृतिका सहकारीमा सदस्य हुन नपाउने, सहकारी सञ्चालक एवं सञ्चालक परिवारले ऋण लिन नपाउने, ऋण माग गर्दा कार्यक्षेत्र भित्रकै वसोवास हुनुपर्ने जस्ता बैंक कै नियम लागु गर्न खोजेको छ । यस नियमले सहकारी संस्थाहरूलाई संकुचन गर्ने निश्चियप्राय छ ।

सो नियम र निर्देशिकाहरू कै कारण ३१ हजार हाराहारीमा भएको सहकारीमा आस्था घत्ने अनुमान गरेको छ । त्यसै पनि प्रधिकरणले वार्षिक रूपमा पुन दर्ता प्रकृयाले अफ सहकारीहरूलाई चिस्याउने कार्य हुनेमा दुईमत नहोला । यी यस्तै अवस्था बारे सम्पूर्ण सदस्यहरूले केहि हदसम्म बुझ्नुपर्ने आवश्यकता महसुस गर्न सकिन्छ ।

यस छिमेकी बुलेटिनमा आफ्नो विचार प्रस्तुत गर्न सहयोग गर्नुहुने महानुभावहरूलाई धेरै धेरै धन्यवाद व्यक्त गर्दछ ।






## कृषिमा लगानी बालुवामा पानी !



✍ ;lgn kḩfklt,
kḩV eQmk'/ gu/kflnsf

नेपाल सरकारले आगामी दुई वर्षभित्र देशलाई धान चामलमा आत्मनिर्भर बनाउने घोषणा गर्यो । आ.व. २०८२।८३ को बजेटमार्फत उक्त घोषणा गरिएको हो । अर्थमन्त्री विष्णु पौडेलले २०८१ जेठ १५ गते संसदको दुवै सदनको संयुक्त बैठकमा बजेट प्रस्तुत गर्दै 'दुई वर्षभित्र चामलमा आत्मनिर्भर हुन तराई र भित्री मधेसका २२ जिल्लामा चैते धान खेती प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिने, त्यसबाट १२ लाख टन उत्पादन बढ्ने अपेक्षा सहित सिँचाइको लागि पूर्वाधार निर्माण गर्न रू. ३३ करोड विनियोजन गरेको' उल्लेख गरेका थिए । (बुदाँ नं. ३७)

आजभन्दा ४ दशक अघिसम्म नेपाल धान, चामल निर्यात गर्ने देश थियो । विभिन्न विकास क्षेत्रहरूमा दिपोहरू स्थापना गरी भारत, पाकिस्तान, बंगलादेशलगायतका देशहरूमा चाल निर्यात गर्थ्यो । समय धेरै अगाडि बढी सकेको छ । संसारमा कृषि सम्बन्धी नयाँ नयाँ प्रविधि, विऊविजन र मलको पनि विकास भइसकेको छ । तर नेपालको खेती प्रणालीमा भने आफै सुधार आउन सकेको छैन । हरेक वर्ष कृषि उत्पादन घट्दै गइरहेको छ ।

सरकारले चालु आ.ब.मा तराई र भित्री मधेशका २२ वटा जिल्लाहरूमा मात्र १२ लाख टन धान उत्पादन बढाउने लक्ष्य लिएको वर्ष नै देशभर सन्तुलित वर्षा नभएको कारण समयमा रोपाइ हुन सकेन । त्यसको परिणाम खेतीयोग्य जमिनमध्ये जम्मा ९५ प्रतिशतमात्रै रोपाइ हुन सकेको कृषि अनुसन्धान परिषद् (नार्क)ले जनाएको छ । यसले धान उत्पादन प्रभावित हुने र गत वर्षको तुलनामा ८ लाख टन धान उत्पादनमा कमी आउने अनुमान गरिएको छ । राम्रो वर्षा नहुँदा मधेस प्रदेश सबभन्दा बढी धान खेती प्रभावित भएको हो । केही दशक अघिसम्म तराईलाई अन्नको भण्डार मानिन्थ्यो । त्यो मान्यता कम हुँदै गएको छ । मधेस प्रदेशमा ३ लाख ७० हजार हेक्टर रोपाइ हुने क्षेत्र भएकोमा यो वर्ष ८६।३५ प्रतिशत मात्रै रोपाइ भएको जनाइएको छ । जहाँ रोपाइँ भयो त्यहाँ पनि छिपिएको बिऊ रोपेको कारण तुलनात्मक रूपमा उत्पादनमा कमी आउने निश्चित भएको विज्ञहरूको भनाई छ ।

### यस्तो किन हुन्छ ?

नेपाल सरकारले हरेक वर्ष अरबौं रूपैयाँ सिँचाइ पूर्वाधारको निम्ति बजेट विनियोजन गर्छ । देशमा संघीयता आए पछि प्रदेश सरकारले पनि सिंचाईको निम्ति बजेट विनियोजन गर्दै आएको छ । तर अहिलेसम्म पनि मधेश प्रदेशका अधिकांश किसानहरू सिँचाइको अभावमा आकासे पानीकै भरमा खेती गर्न बाध्य छन् । सरकारको सिंचाइको लागि गरेको खर्चको

राम्रो सदुपयोग भएको भए अहिलेसम्म तराई र भित्री मधेशका अधिकांश जिल्लाहरूमा सिँचाइ सुविधा पुग्नुपर्ने थियो । सिँचाइको नाउँमा पैसामात्रै खाने गलत प्रबृत्तिले मधेसको कृषि क्षेत्र लथालिंग भइरहेको छ ।

### संधै मलको हाहाकार किन हुन्छ ?

कृषि उत्पादन वृद्धिको लागि अति आवश्यक तत्वहरूमध्ये गुणस्तरीय रसायनिक मल पनि एक हो । जसरी मानिसले खानेकुराबाट शरीरका लागि आवश्यक ग्लुकोज प्राप्त गर्छन त्यसरी नै बिरूवाले पनि मलबाट आवश्यक पोषण तत्व प्राप्त गर्ने हो । मल जस्तो महत्वपूर्ण बस्तुको उत्पादन गर्ने कृषि प्रधान देशमा कारखाना छैन । सरकारले त्यसको स्थापनाको लागि कुनै सुरसार पनि गरेको छैन । बरू मलको लागि भनेर वर्षको बीसौं अर्ब बजेट विनियोजन गरिन्छ । कृषि मन्त्रीहरू विदेशबाट मल आयात गरेर कमिसन पाउनमै रमाउने गर्छन् । मल कारखाना स्थापनाको निम्ति पहल गर्ने सोच्दैनन् । बजेटमा मलमा अनुदान दिन २८ अर्ब ८२ करोड बजेट विनियोजन गरिएको छ र लगानी बोर्डमार्फत रसायनिक मल कारखाना स्थापना गर्न तयारी गरिनेछ' भनिएको छ ।

किसानहरू ५ देखि १० किलो मल लिन पनि दिनभर टन्टलापुर घाममा लाइन बस्नुपर्ने बाध्यता छ । भारतबाट आएको त्यो मलको गुणस्तरको कुनै सुनिश्चितता छैन । यस्तो अवस्थामा उत्पादन वृद्धिको सम्भावना छैन । ५ वर्ष अनुदानको लागि छुट्याइएको रकम कारखाना बनाउनमा लगाइएको भए राम्रो मल कारखाना बनाउन सकिन्थ्यो । नेपालमै मलको कारखाना भएमा हरेक वर्ष किसानहरूले मलको हाहाकार व्यहोर्नु पर्ने थिएनन् । किसानहरूले सिजनमै गुणस्तरीय मल पाउने थिए । त्यसबाट कृषि उत्पादनमा वृद्धि हुने थियो । नेपालमा बढी भएको मल विदेश निर्यात गरेर विदेशी मुद्रा मनग्य आर्जन गर्न सकिन्थ्यो र देशको व्यापारघाटा कम गर्न पनि मद्दत पुग्थ्यो ।

### युवाहरू विदेश पलायन हुनु कृषिमा अर्को चुनौती

कृषि उत्पादन घट्दै जानुको अर्को कारण युवाहरू विदेश पलायन हुनु पनि हो । हरेक दिन २५.२६ सयका दरले नेपाल सरकारले श्रम स्वीकृति लिएर युवाहरू विदेश गइरहेका छन् । गत आ.व. २०८१।०८२ मा मात्र नेपाल सरकारको श्रम स्वीकृति लिएर ८ लाख ३९ हजार युवाहरूले देश छोडे । अहिले हिमाल, पहाड, तराई देशका सबै क्षेत्रमा युवाहरू भेटिन छाडेका छन् । गाउँ गाउँमा युवाविहीन भएर लास बोक्ने, हलो जोत्न समेत महिलाहरूले गर्नुपरेको कहालीलाग्दो घटनाहरू बराबर सञ्चारमाध्यमहरूले सार्वजनिक गरिरहेका छन् । गाउँ गाउँका जग्गा जमिन श्रम गर्न सक्ने क्षमतावान अभावमा बाँझो हुन थालेका छन् । यस्तो अवस्थामा धान, चामललगायत कृषि उत्पादन वृद्धिको कल्पना पनि गर्न सकिँदैन ।

### नयाँ नयाँ प्रविधि र उन्नत विऊ प्रयोग नहुनु :

संसारका धेरै देशहरूले विकसित उन्नत जातको विऊ उत्पादन गरी आधुनिक खेती गरेर कृषि उत्पादनमा गुणात्मक फड्को मारेको छ । तर नेपाल भने परम्परागत खेतीबाट अझै माथि उठ्न सकेको छैन् । पञ्चालकालमै बनेको हेटौडाको कृषि औजार कारखाना बन्द भएको लामो समयपछि पुनः सञ्चालनमा ल्याउन वैज्ञानिक महाविर पुनले सरकारसँग रू. ४ करोड मागेका थिए । सरकारले त्यति बजेट पनि व्यवस्था गरी दिएन । उनी आफै किताब बेचेर कारखाना चलाउँछु भनेर लागेर अहिले १६/१७ करोड पैसा उठेको र त्यसबाट कारखाना चलाउने भनेर लाग्दैछन् । राज्यले नै आधुनिक कृषि औजार उत्पादन गर्नेतर्फ सोच्नु त कहाँ हो कहाँ ? काम गर्न अघि सर्नेहरूलाई पनि निराश पार्ने सरकारको कार्यशैली छ ।

### चीनबाट फाइदा लिन सकिन्छ :

चीनले अहिलेसम्ममा १४ हजारभन्दा बढी वर्णशंकर धान (हाइब्रिड) उत्पादन गरिसकेको छ । त्यो धानको उत्पादन वैज्ञानिक युआनले गरेका थिए । सन् १९७९ मा उत्पादन भएको उक्त धानले चीनलाई भोकमरीबाट बचायो । त्यही हाइब्रिड धानको प्रविधिलाई संयुक्त राज्य अमेरिकामा समेत निर्यात गर्यो र चीनले त्यसबाट मनग्य फाइदा लियो ।

नेपालमा पनि ठाउँ ठाउँमा चीनमा उत्पादित वर्णशंकर धान रोप्न थालेका छन् । त्यसबाट विगतको तुलनामा राम्रो उत्पादन दिएको छ । आफ्नै प्रविधि र फरक फरक हावापानी हुँदा कहिलेकाहीं समस्या पनि आउने गरेको छ । एक वर्ष किसानहरूले रोपेको धान पाकेन । त्यसले किसानहरूलाई ठूलो समस्यामा पार्यो भने राष्ट्रिय उत्पादनमा पनि त्यसले प्रभावित गर्यो । त्यसैले नेपाल कृषि अनुसन्धान परिषद् (नार्क)ले नयाँ नयाँ हाइब्रिड विऊ उत्पादन गर्नेतर्फ ध्यान दिनु आवश्यक छ र यसले देशको कृषि उत्पादन बृद्धिमा महत्वपूर्ण योगदान पुर्याउन सक्छ । यदि त्यस्तो गर्न सकेनन् भने नेपाली वैज्ञानिकहरू चीनलगायतका विभिन्न देशहरू भ्रमण गर्नुको कुनै अर्थ छैन ।

### कृषिमा विकास नहुनुमा आजसम्मका सरकारहरू दोषी :

नेपालमा कृषि उत्पादन बढाएर आत्मनिभएर बनाउन नसक्नुमा २०४६ सालपछि सरकारमा गएका राजनैतिक दलहरू नै दोषी छन् । पटक पटक कृषि मन्त्रालय सम्हालेर पनि कृषि क्षेत्रको विकासको निम्ति कुनै पनि योजनाबद्ध काम गर्न नसक्नु उनीहरूको असक्षमता हो ।

अहिले नेपाली जनताहरू सरकारको योजनाबद्ध काम नहुँदा धान चामल मात्रै होइन, नेपालमै प्रशस्त उत्पादन भइरहेका तरकारी पनि विदेशबाट बेरोकतोक भित्रिरहेका छन् । नेपाली किसानहरूले बैंक र सहकारी संस्थामा ऋण लिएर उत्पादन गरेका तरकारीहरू आफ्नै बारीमा कुहाउनुपरेको र बारीमै बण्डा, मूला जस्ता तरकारीमा ट्याक्टर जोत्ने गरेको दृश्य पनि नेपाली जनताले बारम्बार देखेका छन् ।

वास्तवमा सरकारले कृषि विकासको लागि भनी वर्षको अरबौं विनियोजन गरेको बजेट बालुवामा पानी भइरहेको छ । कृषि विकास नहुनुमा अहिलेसम्म कृषि मन्त्रालय चलाउने कृषि मन्त्रीहरू र उनका पार्टीहरू नै मुख्य रूपमा जिम्मेवार छन् ।

# बागमती प्रदेश सभामा नेमकिपाका रचनात्मक प्रस्ताव



✍ सुरेन्द्रराज गोसाई

गत श्रावण २५ काठमाडौं उपत्यका र देशका विभिन्न जिल्लामा गाईजात्रा सम्पन्न भयो । गाईजात्रा आठ दिन मनाइन्छ । सम्भवतः प्रदेश सरकारले त्यो सिलसिला जारी रहोस् भन्ने चाहना राखेको हाम्रो अनुमान हो ! गाईजात्रामा हाँस्य, व्यङ्ग्य, विरोध सबै-सबै हुन्छ । गाईजात्रामा कोही मुख्यमन्त्री, कोही प्रधानमन्त्री भएर, राष्ट्रपति भएर अनेक-अनेक भएर निस्कन्छन्, हसाउँछन्, हाँस्छन् । साथै अनेक प्रहसन प्रस्तुत हुन्छन् ! अब यहाँ पनि नयाँ-नयाँ मुख्यमन्त्री, नयाँ-नयाँ मन्त्रीको हामी अनुहार देख्दै छौं । प्रदेशवासी या देशवासीलाई हँसाउन लागिरहेका छौं कि ? के गर्न लाग्दैछौं ? समयले बताउँला ! यो भागबन्डा, यो मोलमोलाइ, यो आदि इत्यादिको जात्रा अति भयो ! हामी प्रदेशलाई के दिँदैछौं, देशलाई के दिँदैछौं ? आत्मसमीक्षाको आवश्यकता छ ।

यहाँ अनेक कुरा उठे । याद गर्नुहोला, राणाहरूले पनि अनेक खालका दरबारहरु बनाएका थिए । पञ्चायतमा पनि पूर्व-पश्चिम राजमार्गदेखि लिएर अनेक-अनेक बने । तर सरकार टिकेन । जनताको मन जित्ने र बहुसङ्ख्यक जनताको निम्ति काम नगर्दा ती सरकारहरु टिकेनन् । आज पनि यो गर्‍यौं, त्यो गर्‍यौं भनेर लिस्ट दिनु सामान्य कुरा हो । तर जनताको आवश्यकता हामीले सम्बोधन गर्‍यौं कि गरेनौं ? मौलिक परिवर्तन हामीले दिन खोज्यौं कि खोजेनौं ? महत्वपूर्ण सवाल यही हो । पञ्चायतका पात्रले प्रजातन्त्रबारे पाठ पढाउने यो दिन कसरी आयो ? प्रजातन्त्रका निम्ति लडेकाहरु, गणतन्त्रका निम्ति लडेकाहरूले त्यो सिंहावलोकन गर्नुपर्ने आवश्यकता छ कि छैन ? यो पनि हाम्रो सवाल हो । हामीले बारम्बार घच्घच्यायौं पनि ।

यो आठ वर्षमा हामीले ६ वटा सरकार पायौं । के अब १० वर्षमा १० वटा या १२ वटा ! के त्यसरी अङ्कगणितको हिसाबले बढाउँदै जाने ? चर्चा चल्यो, आठ वर्षमा ९० मन्त्री ! बागमती प्रदेश सभाका १ सय दशमध्ये ९० मन्त्री भइसके ! के अझ माथि पुर्‍याउने ? यही हो जनताको पक्षमा हामीले काम गरेको ? यो पनि गम्भीर आत्मसमीक्षाको विषय हुन सक्छ ।

आठ वर्ष लगाएर यो सभा भवन हामीले बनायौं । के हाम्रो बहादुरी यही हो ? के यो ढिलासुस्तीको अर्को प्रमाण या प्रतिमा होइन ? यो समीक्षा आवश्यक छ कि छैन ? यसको वास्तुकलाको पक्ष या वस्तुको उपयोगिताको विषयमा हामीले गम्भीरतापूर्वक छलफल गर्ने कि नगर्ने ? बागमती प्रदेश मौलिक वास्तुकलाको केन्द्र होइन ? वास्तुकला र वास्तुशास्त्रको हिसाबले हामी कहाँ छौं ? कसरी बनायौं ? आर्किटेक्टहरूको नजरमा हामी सफल भयौं या कस्ता भयौं ? यो पनि एउटा गम्भीर आत्मसमीक्षाको विषय हुन सक्छ । नेपाली वास्तुकलाको उपहास गर्‍यौं कि उपयोग गर्‍यौं ? अरनिकोहरु जन्माएको बागमती प्रदेश, यो काठमाडौं उपत्यकामा बसिरहँदा हामीले चिन्तन मनन गर्न आवश्यक छ भन्ने लाग्दछ ।

नेपाल मजदुर किसान पार्टी लामो समयदेखि संसद्मा छ । केन्द्रीय संसद् र बागमती संसद्मा पनि रचनात्मक भूमिका निर्वाह गर्दैछौं । नेपाल मजदुर किसान पार्टीले देश र जनताको पक्षमा निःस्वार्थपूर्वक सेवा गर्न हामी अगाडि बढ्दै छौं । दुई दलीय तानाशाही व्यवस्थाको खतरा आजको होइन । आजभन्दा २५ वर्ष अगाडि नेमकिपाले औंल्याएको थियो । आज फेरि पनि देश दुई दलीय तानाशाहीतर्फ उन्मुख छ । यो प्रजातन्त्रमाथिको हमला हो या होइन ? गणतन्त्र माथिको खतरा हो कि होइन ? फेरि पनि यो यक्ष प्रश्न खडा छ ।

जनताको तर्फबाट नेपाल मजदुर किसान पार्टीले संसद्मा रचनात्मक भूमिका निर्वाह गर्दै छ । नेमकिपा कहिले सत्ताको फोहरी खेलमा सङ्लग्न भएन । हुने छैन । जनताको हितको सवालमा कहिले पनि नेपाल मजदुर किसान पार्टी पछि हट्दैन । हट्ने छैन । अब म केही प्रस्ताव र सुझावहरु राख्न चाहन्छुः

१) मुख्यमन्त्री र मन्त्रीहरूले मन्त्री पद सम्हालिरहँदा आफूले विगतमा संसद् र बैठकहरूमा व्यक्त गरेका रेकर्डहरु सुन्नुहोला !

२) निर्वाचनको क्रममा जनतासमक्ष गरिएका वाचा तथा प्रतिबद्धता पुनः पढ्नुहोला !

३) आ-आफ्नो दलको निर्वाचन घोषणापत्र दोहोर्‍याएर अध्ययन गर्नुहोला !

४) विदेशीको पैसा नखाएका तथा तलब नलिएका विषयविज्ञहरूको सल्लाह सुन्नुहोला !

५) मितव्ययिता अपनाउँदै अपव्ययबाट प्रदेशलाई जोगाउनु


" सर्वोत्कृष्ट वित्तीय समाधानका लागि सिद्धि गणेश "

होला ! भ्रष्टाचारीको सारथी वा रक्षक नबन्नुहोला !

६) जेठ-असार महिनामा मात्र कूल बजेटको करिव ६०-७० प्रतिशत खर्च गर्ने परम्परा हटाऔं !

७) ऋण लिएर प्रदेश या देशको विकास गर्ने सोच अब कमसेकम त्यागौं !

८) फागुन-चैत्र महिनाभित्रै नयाँ बजेटबारे महत्वपूर्ण छलफल, अन्तरक्रिया तथा अभ्यास गरौं ! पुरानो बजेटको समीक्षा गरौं !

९) प्रदेश सरकार र मातहतका कार्यालयले प्रदेशभित्र उत्पादित वस्तुको प्रयोग अनिवार्य गरौं ! नीतिगत रूपमै स्वदेशी उत्पादनलाई पहिलो प्राथमिकतामा राखौं !

१०) अगाडि बढेका या नमूना पालिकाका अभ्यास तथा उपलब्धिबारे तत्तत् ठाउँमा पुगी अध्ययन-अन्तरक्रिया गरौं !

११) सहकारी पीडित प्रदेशवासीका समस्या समाधानमा ध्यान देऔं ! सहकारीका आर्थिक अपराधीहरूलाई बिना भेदभाव दण्ड दिई तिनको घै-घरानाबाट असूल गराऔं ! तिनको राहदानी जफत गरौं !

१२) १३ वटा जिल्ला र ११९ पालिकाका विद्यार्थीहरूले आ-आफ्नै जन्मस्थानमा गुणस्तरीय शिक्षा प्राप्त गर्ने वातावरण तयार गरौं ! रोजगारीको बन्दोवस्त गरी गाउँ खण्डहर हुनबाट जोगाऔं !

१३) हेटौडा र आसपासको कुनै उर्पयुक्त क्षेत्रमा मेडिकल कलेज खोली नयाँ काम सुरु गरौं !

१४) काठमाडौं उपत्यकापछि हेटौडालाई सुन्दर नगरीका रूपमा विकास गरौं ! हेटौडालाई प्रदेश राजधानीको रूप देऔं ! सोही स्तरको सडक निर्माण गरौं !

१५) साना तथा मझौला उद्योगहरु सञ्चालनलाई प्राथमिकतामा राखौं ! घरेलु उद्योग तथा कुटीर व्यवसायमार्फत अर्थतन्त्रलाई लयमा फर्काउन प्रतिबद्ध भएर लागौं !

१६) जिल्ला-जिल्लाका अस्पताललाई आधुनिक स्वास्थ्य उपकरणले सुस्सजित बनाऔं ! त्यसका निम्ति दक्ष जनशक्ति तयार गरौं !

१७) जिल्ला-जिल्लाका स्कुल-कलेजमा यथोचित ध्यान पुर्‍याऔं ! तिनको दिगो विकासमा जोड देऔं !

१८) राजनीतिलाई अपराधीकारण र अपराधलाई राजनीतिकरणले सीमा नाघ्यो । थोरै नैतिकता अझै बाँकी छ भन्ने सन्देश देऔं !

१९) पहिला पहिला चोरहरु मन्त्री बन्दैनथे । एक कविले लेखे । एक कविले लेखेको कविताको अंश हो । यसलाई वर्तमानकालमा रूपान्तरण गर्ने जिम्मा काँधमा बोक्ने साहस गरौं !

२०) लोकतन्त्र र गणतन्त्रको नाउँमा शोषक, भ्रष्टाचारी, पक्षपातीहरु सत्तामा पुगे भनी जनता आक्रोश व्यक्त गर्छन् । अब कोही त अपवाद बनौं !

२१) भाषा-कला-संस्कृति-सम्पदामा बागमती प्रदेश वैभवशाली छ । यसको संरक्षण बागमती प्रदेश सरकारको दायित्व हो । लोप भएका सम्पदा पुनःनिर्माण गर्न आवश्यक छ । जीर्ण सम्पदाको जीर्णोद्धारमा प्रदेशले सहकार्य तथा समन्वय गर्न आवश्यक छ ।

२२) तीज-दशैं-तिहार आउँदै छ । महङ्गी बढ्दै छ । हाम्रो प्रदेशसँग उत्तरतिर जोडिएका कोदारी र केरूङ नाका बन्द छन् । नाका बन्द राख्न अर्को शक्ति चलायमान हुनु र चलखेल हुन दुर्भाग्यपूर्ण छ । ती नाका खोल्न प्रदेश सरकारले पनि आवश्यक समन्वय गरोस् ! देश र प्रदेशलाई जे हित हुन्छ, त्यो गरौं !

२३) गठबन्धनका दुई वटै दल समाजवादमा सहमत भएको बताउँछन् । समाजवाद भनेको नारा होइन बहुसङ्ख्यक कामदार जनताप्रतिको बफादारिता, प्रतिबद्धता र प्राथमिकता हो । गरीबीबाट उन्मुक्ति हो । शोषण, अन्यायको अन्त्य हो । आर्थिक समानता र न्यायमा आधारित बन्दोवस्त हो । आत्मनिर्भर अर्थतन्त्रको विकास हो । शिक्षा-स्वास्थ्यको निःशुल्क बन्दोवस्त हो । उत्पादनका साधनमा सामुहिक स्वामित्व हो । सभ्य, सम्पन्न र शान्त-सुन्दर समाजको निर्माण हो । के गठबन्धनका दलहरु यसबारे स्पष्ट छन् ? समाजवादको टोपीको आकार-प्रकार थप बिगार्ने दुष्ट कर्म रोकौं !

यी विषयमा संवेदनशील एवम् जिम्मेवार नबनी राजनीतिलाई पदीय खेल, शुभलाभको व्यापार, ढाँट र छलको जात्रा तथा इमान लिलामीमा राख्ने मेला बनायौं भने त्यसको तमाम प्रतिफल शासकहरूले बेहोर्नुपर्ने छ । इतिहासको कठघरामा उभ्याइने छ ।

पानी, आगो र राजनीतिसँग कसैले जिस्किने मूर्खता नदेखाओस् !

याद राख्दा हुन्छ, जो आगोसँग खेल्छ आगोमै मर्छ । जो पानीसँग खेल्छ पानीमै मर्छ ।

अन्त्यमा, विश्वासको मतको सन्दर्भमा बहुसङ्ख्यक प्रदेशवासीको भावना र हाम्रो संसदीय दलको निर्णयबमोजिम नेमकिपा तटस्थ बस्छ ।

(बागमती प्रदेश सभामा नेकां र एमालेको गठबन्धन सरकारले राखेको विश्वासको मतको प्रस्तावबारे गत श्रावण २७ गते भएको छलफलमा भाग लिंदै नेमकिपाका केन्द्रीय सदस्य तथा बागमती प्रदेश सभा सदस्य सुरेन्द्रराज गोसाईले राख्नुभएको मन्तव्य सामान्य सम्पादनसहित प्रस्तुत छ । विश्वासको मतको पक्षमा ६३, विपक्षमा २२ र तटस्थ ७ रह्यो ।)

" सर्वोत्कृष्ट वित्तीय समाधानका लागि सिद्धि गणेश "



# सहकारी संस्था सञ्चालनका केही जटिलताहरू

✍ कृष्ण गोविन्द लाखाजु

न्यून आय भएका व्यक्तिहरूले सामुहिक हितका लागि गरिएको प्रयासबाट विश्वमा सहकारीको शुरूवात भएको पाइन्छ । यसको विकासक्रमसँगै सहकारीका सिद्धान्तहरू पनि परिभाषित हुँदै आएको हो ।

सहकारी संस्था 'स्वायत्तता र स्वतन्त्रता'को सिद्धान्तमा आधारित रही सञ्चालन हुने समुदायमा आधारित सेवामुखी कार्य हो । सहकारीका आधारभूत मूल्यहरू आत्मसहयोग, स्वउत्तरदायित्व, प्रजातन्त्र, समानता, न्याय र ऐक्यबद्धता हुन् भने नैतिकमूल्यहरू इमान्दारिता, खुलापन, सामाजिक उत्तरदायित्व र अरूको हेरचाह हुन् । सहकारी ऐनको प्रस्तावनामा सहकारी भनेको 'कृषक, कालिगड, श्रमिक, न्यून आय समूह एवं सीमान्तकृत समुदाय वा सर्वसाधारण उपभोक्ताहरूमा छरिएर रहेको पुँजीलाई एकीकृत गर्दै सदस्यहरूको आर्थिक, सामाजिक तथा साँस्कृतिक उन्नयन गर्ने र सहकारी खेती उद्योग, वस्तु तथा सेवा व्यवसायका माध्यमबाट आत्मनिर्भर, दीगो एवं समाजवाद उन्मुख राष्ट्रिय अर्थतन्त्रको विकास गर्ने' उल्लेख छ ।

नेपालको संविधान, २०७२ को राज्यको आर्थिक उद्देश्यमा सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागितामार्फत उपलब्ध स्रोतको अधिकतम परिचालनद्वारा तीव्र आर्थिक विकास गर्ने र आर्थिक असमानताको अन्त्य गर्ने उल्लेख छ । यसको तात्पर्य राज्यले तीन खम्बे अर्थनीति रूपमा अङ्गीकार गरेको बुझ्न सकिन्छ । कृषि तथा उत्पादनमुलक क्षेत्रमा सहकारीको पहुँच अपर्याप्त भएता पनि नेपालको अर्थतन्त्रमा सहकारी क्षेत्रले उल्लेखनीय स्थान ओगटेको छ । विशेष गरि वित्तीय क्षेत्रमा सहकारीको भूमिका बढ्दो छ । यसर्थ सहकारीलाई व्यवस्थित नबनाइ अब नेपालको अर्थतन्त्र सुदृढ हुन सक्दैन । बैंक तथा वित्तीय संस्थाको पहुँच नभएको गाँउबस्ती दुरदराजमा सहकारी संस्थाहरूले सेवा पुऱ्याइ रहेको छ । खरबौंको कारोवारका साथ नेपालमा मात्रै झन्डै पौने करोड जनसमूहलाई सेवा पुऱ्याएको छ । ठूला पुँजी भएका बैङ्क तथा वित्तीय संस्थाहरूले भन्दा बढी जनसमूहलाई सहकारी संस्थाहरूले सेवा पुऱ्याएको छ ।

नेपालमा पञ्चायती व्यवस्थाको समाप्तिसँगै सहकारी ऐन, २०४८ लागु भएपछि वित्तीय कारोवार गर्ने सहकारी संस्थाको संख्या ह्वात्तै बढेका हुन् । सहकारी संस्थाहरूको संख्या बढेसँगै विकृति पनि साथमा आएको हो । ठूला व्यापारी, पुँजीपति, राजनीतिका उच्च ओहदाका व्यक्तिहरू र सामाजिक व्यवहार नभएका व्यक्तिवादी स्वार्थी समूहले सहकारी क्षेत्रमा प्रवेश गरि बदमासी गर्नु र बचत गर्ने सहकारी संस्थाका सदस्यहरूमा सहकारिताको बुझाइमा कमी हुनुले सहकारी क्षेत्रमा व्यवधान देखिएका हुन् । राज्यले बेलामौकामा मापदण्ड निर्देशनहरू जारी गरि नीतिगत संशोधन नगरेको होइन, तर त्यस किसिमको संशोधनले छलकपट गर्ने सहकारी संस्थालाई भन्दा इमान्दारिताका साथ सञ्चालनमा रहेका सहकारी संस्थालाई असर पुऱ्याइरह्यो । पछिल्लो उदाहरणको रूपमा दोहोरो सदस्यताको अन्त्य, जनसंख्याको आधारमा सदस्यता हुन् । सहकारी संघ संस्था बीच गरिने अन्तरलगानी कारोवारबाट पाउने ब्याजमा पन्ध्र प्रतिशत अग्रिमकर पनि सहकारी क्षेत्रमा देखिएका समस्या हुन् । सङ्घीय सहकारी कानुनमा भएको सकारात्मक कुरा व्यवहारमा लागु गर्न नसक्नु पनि सहकारी अभियानको ठुलो कमजोरीको रूपमा रहेको छ ।

**दोहोरो सदस्यता**

सहकारी ऐन, २०७४ लागु हुनपूर्वको ऐन अनुसार सहकारी संस्थाको कार्यक्षेत्र भित्रका बासिन्दाहरू स्वेच्छिक रूपमा सदस्यता ग्रहण गर्न सक्थे । कुनै व्यक्ति एक स्थानीय तहको एकै प्रकृतिका एक भन्दा बढी सहकारी संस्थाको सदस्य हुन नपाउने उल्लेख भएकोमा अहिले आएर देशभरको कुनै पनि संस्थामा सदस्य बन्न नपाउने कानुन आएको छ । यदि दुई वा दुईभन्दा बढी सहकारी संस्थामा सदस्य कायम रहेको भए एक वर्ष भित्र एउटामात्र कायम गर्नु पर्ने उलेख छ । यस व्यवस्था सहकारी सिद्धान्त "स्वेच्छिक तथा खुला सदस्यता" को भावना विपरित छ । बैङ्क तथा वित्तीय संस्थामा भने जतिसुकै खाता खोल्न पाउने, बचत गर्न पाउने तर सहकारीमा नपाउने भनेको बैंकलाई पोस्ने काम बाहेक अरू हुन सक्दैन । यो पक्षपातपूर्ण नीतिगत व्यवस्था हो । यदि कुनै व्यक्तिले सहकारी संस्थाहरूमा धेरै ठाउँमा ऋण लिइ दुरूपयोग गरेको सवालमा कर्जा सूचना केन्द्र, कालो सूचीको बन्दोवस्त जस्ताकुरालाई लागु गरि त्यसलाई समाधान गर्न सकिन्छ । बचत गर्ने र समुहमा काम गर्ने सदस्यलाई रोक्ने होइन ।

**जनसंख्याको आधारमा सदस्यता**

सहकारी ऐन, नियमले जनसंख्याको आधारमा वित्तीय कारोवार गर्ने सहकारी संस्थाको संख्या कायम गर्ने भनिएको छ । नगरपालिका भित्र दुई हजार जनसंख्याको एउटा मात्र सहकारी संस्था खोल्न पाउने भनिएको छ । उदाहरणको रूपमा भक्तपुर जिल्लामा चार वटा नगरपालिकाहरू छन् । जिल्लामा अहिले लगभग तीन लाखको जनसंख्या छ भने जम्मा एक सय पचास वटा मात्र सहकारी संस्था सञ्चालन गर्न पाउने हुन्छ । जबकि अहिले नै चार सय पचास भन्दा बढी संस्थाहरू छन् । त्यसको तात्पर्य सहकारी संस्थाहरूलाई अनिवार्य एकिकरण (फोर्स्मर्ज) गराउने कुरा हो । सहकारीलाई आर्थिक दृष्टिले मात्र होइन सामाजिक दृष्टिले पनि हेरिनु पर्छ । सानो संख्यामा सदस्य रहेको सहकारी संस्थाहरूले पनि सामाजिक विकास तथा समूह परिचालन र नेतृत्व विकासका कामहरू गरिरहेका हुन्छन् । स्थानीय विकास निर्माणमा


" सर्वोत्कृष्ट वित्तीय समाधानका लागि सिद्धि गणेश "

सहभागिता, खेलकुद प्रतियोगिता तथा प्रशिक्षण र चेतनामूलक काममा समेत सहकारीमार्फत समुह परिचालन भइरहेको छ । हो, सदस्यता वृद्धिले संस्थाको क्षमता वृद्धि हुन्छ । त्यसो भन्दैमा छुट्टै अस्तित्व बोकि स्थानीयस्तरमा सामाजिक र आर्थिक क्रियाकलाप गरिरहेका संस्थाहरूलाई (फोर्समर्ज) अनिवार्य एकिकरण गर्नु जरूरी छैन ।

### सङ्घीय, प्रदेश र स्थानीय तहको कानुनमा विभेद

नेपाल सरकारद्वारा जारी सङ्घीय सहकारी कानुनमा सञ्चालक समितिमा रहेका व्यक्ति सोहि सहकारीमा कर्मचारीको रूपमा मासिक तलब पाउने गरि प्रवन्ध सञ्चालकको रूपमा कार्य गर्न बन्देज गरिएको छ । तर बागमति प्रदेश सहकारी कानुनले एक जनासम्म सञ्चालक समितिमा रहेका व्यक्ति कर्मचारीको रूपमा प्रवन्धक भइ कार्य गर्न वाधा नहुने उल्लेख छ ।

त्यसैगरी कुनै पनि नाफामूलक निकाय कम्पनीलाई सहकारी संस्थामा सदस्यता प्रदान गर्नमा सङ्घीय कानुनमा बन्देज गरिएको छ, भने प्रदेश कानुनमा निकाय वा कम्पनीलाई सदस्य दिन सक्ने कुरा छ । यसरी प्रष्टसँग सङ्घीय कानुनमा दण्डनीय भनिएको कुरा प्रदेश कानुनमा सुविधा प्रदान गरिएको विषय एकआपसमा बाँझिएको हुँदा बेलामौकामा ध्यानाकर्षण गराउँदा पनि समाधान हुन सकेको छैन् । यसले कार्यान्वयन गर्ने सहकारी संस्थामा अन्यौलता छाएको छ ।

नेपालको संविधान, २०७२ ले सहकारीलाई स्थानीय तहको कार्यसूची भित्र पनि राखिएको छ । सहकारी सम्बन्धी कानुन बनाउन पाउने अधिकार स्थानीय तहसँग पनि छ । स्थानीय तह क्षेत्रभित्रको सहकारी संस्थाहरू स्थानीय तहको नियमन भित्र पर्दछ । यसले सहकारीक्षेत्र स्थानीय सहकारको सामिप्य हुन पाउने भएकोले धेरै कुरा अगाडी बढ्ने विश्वास सहकारी क्षेत्रमा छ । सङ्घीय सरकार प्रदेश सरकार र स्थानीय तह गरि नेपालमा ७६१ वटा सरकार छन् । त्यति वटा नै सहकारीका कानुन बन्ने सम्भावना छ । सहकारी संस्थाले तीन तहकै सरकारले जारी गरिएको कानुन पालना गर्नु पर्ने बाध्यात्मक स्थिति छ । यसलाई व्यवस्थित गर्नका लागि जुन तहको कार्यक्षेत्रको सहकारी संस्था हो, सोही क्षेत्रको कानुन मात्र परिपालना गर्ने गराउने व्यवस्था भएमा मात्र कानुनीरूपमा सहकारी संस्था सञ्चालनमा सहज हुने विश्वास गर्न सकिन्छ ।

### अन्तरलगानीमा अग्रिम कर

वित्तीय कारोवार गर्ने सहकारी संस्थाहरूमा आफ्ना सदस्यहरूले बचत/निक्षेप जम्मा गर्न पाउँछन् । आवश्यक कामको लागि ऋण पनि लिन पाउँछन् । सदस्यहरूलाई ऋण लगानी गरि बाँकी रहेको रकम मध्ये विभिन्न बैंक तथा वित्तीय संस्थाहरूमा तरलता (लिक्विडिटी) व्यवस्थापनको गरिएका हुन्छन् । यसरी जम्मा गरिएको बचतको व्याजमा 'पन्ध्र प्रतिशत' अग्रिम कर कट्टी गरिने व्यवस्था आयकर ऐनले गरिएको छ । जब कि नगरपालिका कार्यक्षेत्र रहेको सहकारी संस्थाहरूले आन्तरिक राजश्व कार्यालयमा आयकर 'दश प्रतिशत' मात्र तिरे पुग्छ । बैङ्क तथा वित्तीय संस्थाहरूवीच अन्तरलगानी गरि जम्मा गरिएको वा ऋण लिएको रकमबाट प्राप्त गर्ने ब्याजमा अग्रिम कर कट्टी गरिने व्यवस्था छैन । सहकारीमा मात्र लागु गरिएको छ । यो पनि पक्षपातपूर्ण नीति हो ।

### सहकारी मन्त्रालयद्वारा जारी निर्देशिका

भूमी व्यवस्था तथा सहकारी गरिवी निवारण मन्त्रालयले २०७७ सालमा सहकारी सम्बन्धी निर्देशिका जारी गरिएको थियो । उक्त निर्देशिकाको बुँदा नं.२२ मा बचत तथा ऋण सहकारी संस्थाले सदस्यहरूबाट संकलित कुल बचत निक्षेपको कम्तीमा दश प्रतिशत (लिक्वीडिटी) तरलता कायम गर्नु पर्ने र उक्त रकम 'क' वर्गको बाणिज्य बैंकमा राख्नु पर्ने छ भनि तोकिएको थियो । त्यस बुँदाले सहकारी सङ्घ संस्थालाई नजानिँदो तरिकाबाट समाप्त पार्ने कोशिस गरिएको थियो । ब्याज नै नपाउने बैंकहरूमा सहकारी संघ संस्थाको रकम बचत गर्न लगाउने भनेको पुँजीपतिहरूको बैङ्कलाई मात्र पोस्ने काम हो । सहकारी अभियन्ताहरूको तर्फवाट कडा विरोध जनाएपछि संशोधन गरिएको थियो । यसबाट के थाहा हुन्छ भने, "राज्यको एउटा परिपत्रले सहकारी सिध्याउन सक्छ" भनेकुरा प्रमाणित भएको छ । त्यसैले समुदायमा आधारित सहकारी संस्थाका सहकारीकर्मीहरू सधै सजग रहनु पर्ने देख्छु ।

### सहकारी ऐन संशोधन

नेपाल सरकारले वि.सं. २०८१ पुस १४ गते सहकारी ऐन, २०७४ लाई संशोधन गर्न बनेको अध्यादेश जारी गऱ्यो । त्यसमा मूलतः जिल्लाभरि कार्यक्षेत्र रहको बचत तथा ऋणको मुख्य कारोवार गर्ने सहकारी संस्थामा एकजना सदस्यले 'रू. दश लाख' भन्दा बढी बचत गर्न नपाउने गरि सीमा तोकिएको थियो । सञ्चालक दुई कार्यकाल मात्र बस्न पाउने, संस्था वर्गीकरण गर्ने, सहकारीलाई नियमन गर्न राष्ट्रिय सहकारी नियमन प्राधिकरणको गठन गर्ने र कुनै सहकारी संस्थाले बचत फिर्ता नदिएमा पच्चीस प्रतिशत सदस्यले एकजुट भएर उजुरी हाल्नुपर्ने कुरा थियो । त्यसको विरोधमा भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ समेतको अगुवाइमा चर्को विरोध गरिएपछि वि.सं.२०८१ चैत्र १८ गते प्रमाणिकरण भएको ऐनमा एक जना सदस्यको बचतको सीमा संस्थाको प्राथमिक पुँजी कोषको दश प्रतिशतसम्म गर्न पाउने, सञ्चालकको कार्यकालको बिषयमा अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष र लेखा सुपरिवेक्षण समितिका संयोजक मात्र दुई कार्यकाल हुने ऐन बन्यो । बचत फिर्ता नपाउने सदस्यहरूले उजुरी हाल्नुपर्ने भएमा संस्थाका दश प्रतिशत सदस्यले उजुरी गर्न सक्ने व्यवस्था गऱ्यो । अझै केही व्यवधानहरू बाँकी छन् ।

### निर्देशन तथा मापदण्ड

नेपाल राष्ट्र बैंकले सहकारी संस्थाहरूका लागि वि.सं. २०८१ चैत्र २१ गते र राष्ट्रिय सहकारी नियमन प्राधिकरणले वि.सं. २०८२ जेष्ठ ९ गतेका दिन 'निर्देशन तथा मापदण्ड' जारी गऱ्यो । ती दुवै मापदण्डहरूमा नियमित बचत कुल बचतको पच्चीस प्रतिशत हुनु पर्ने, सञ्चालकहरूले ऋण लिन नपाउने, कार्यक्षेत्र भन्दा बाहिरको परियोजनामा र तेस्रो पक्षको धितोमा ऋण लगानी गर्न नपाउने, सञ्चालक समितिमा बढीमा ९ (नौ) जनासम्म मात्र बस्न पाउने, जोखिम भारित सम्पतिको मूल्यांकन गर्नु पर्ने र व्यवस्थापकको कार्यकाल ४ (चार) वर्ष गरि

बढीमा दुई कार्यकालसम्म मात्र बस्न पाउँछ । त्यसै गरि सहकारी ऐन, २०७४ को दफा ५० मा सहकारी संस्था (परिभाषामा संघ पनि भनिएको) ले आफ्ना सदस्यहरूको मात्र बचत स्वीकार गर्न, सो को परिचालन गर्न र सदस्यलाई मात्र ऋण प्रदान गर्न सक्ने व्यवस्थाको बर्खिलाप हुने गरि राष्ट्र बैङ्क र नियमन प्राधिकरणले सहकारी सङ्घहरूले बचत, ऋणको कारोवार गर्न नपाउने खालको गलत ढङ्गले प्रावधान ल्याइएको छ ।

ती निर्देशन तथा मापदण्डमा केही बुँदाहरू सहकारी क्षेत्रमा सुशासन कायम गराउने व्यवस्था भएतापनि मूल रुपमा सहकारी संङ्घ संस्थाहरूलाई कमजोर पार्ने उद्देश्यले आएको हो, भन्न सक्छौं । राष्ट्र बैंक भनेको बैंकहरूको पनि बैंक हो । बैंक पुँजीको बलमा सञ्चालन हुन्छ । सहकारी सदस्यहरूद्वारा सञ्चालित हुन्छ । सहकारी संघ संस्थालाई आर्थिक रुपमा मात्र हेर्नु गलत हुन्छ, सामाजिक रूपले पनि हेर्नुपर्छ । सहकारी संङ्घ संस्थाहरूले सदस्य र समाजमा रहेका व्यक्तिहरूको उत्थानका लागि काम गरिरहेको हुन्छ ।

सहकारीको नाममा बदमासी गर्नेलाई निःसन्देह कार्वाही गर्नु पर्छ, त्यसको नाममा समुदायमा सदस्य केन्द्रित भइ सञ्चालनमा रहेका सहकारी संघ संस्थाहरूलाई कुण्ठित बनाउने खालका मापदण्डहरू खारेजी माग गर्दै बहस पैरवी चलाउनु पर्छ । यी विषयमा राष्ट्रिय सहकारी नियमन प्राधिकरण, राष्ट्र बैंक र नेपाल सरकार समक्ष बहस पैरवीको काम भक्तपुर जिल्ला बचत तथा ऋण सङ्घ समेतले चलाईरहेको छ । आवश्यक भएमा असल अभ्यास भएका सहकारी संघ संस्थाहरूले सहकारी अभियानमा देखापरेका अप्ठ्यारा हताउन विरोधका स्वर पनि गुञ्जायमान गर्नु पर्दछ ।

---

# ३०औं वार्षिक साधारण सभा (क्षेत्रगत)







## सिद्धि गणेशको साधारणसभा क्षेत्र नं ५ र ६

भक्तपुर । सिद्धि गणेश सहकारी संस्था लिमिटेड चोर्चा भक्तपुरको ३० औं साधारणसभा (क्षेत्रगत) क्षेत्र नं ५ र ६ को साधारणसभा महेश्वरी बैंक्वेट थुसाचा, भक्तपुरमा शुक्रबार सम्पन्न भयो । साधारणसभाको उद्घाटन गर्दै नेपाल मजदुर किसान पार्टीका केन्द्रिय सदस्य एवं वागमती प्रदेशका सांसद सुरेन्द्रराज गोसाईंले सहकारी संस्था सदस्यहरूले पनि सहकारीमा भएको बदमासीको विरोध गर्नुपर्ने बताउनुभयो । सहकारी संस्थामा भएको वेथिति हामी सहकारीकर्मी भएकैले विरोध गर्नु हुँदैन भन्ने मानसिकता गलत भएको उहाको टिप्पणी रहेको छ ।

उहाँले दुई तिहाईको सरकार बाढीपहिरोले नांगिएको पनि स्पष्ट पार्नुभयो । दुई तिहाईको सरकारले बाढीपहिरोमा तीन सय भन्दा बढी नेपाली जनताको अनाहकमा ज्यान गए पनि केही गर्न नसकेको

## सिद्धि गणेशको साधारणसभा क्षेत्र नं ३ र ४

भक्तपुर । संस्थाको ३० औं वार्षिक साधारणसभाको क्रममा एउटा मुल कार्यक्रम स्टार बैंक्वेट कमलविनायक भक्तपुरमा सम्पन्न भयो ।

सिद्धि गणेशले साधारणसभा व्यवस्थित गर्न छुट्याएको क्षेत्र नं ३ र ४ को साधारणसभाको उद्घाटन नेपाल मजदुर किसान पार्टीका केन्द्रिय सचिव एवं संघीय सांसद प्रेम सुवालले गर्नु भएको हो ।

सो अवसरमा उहाँले सहकारी संस्था कृषि र घरेलु उद्योगलाई उकास्ने हेतुले स्थापना भएको हुनुपर्ने बताउनुभयो । त्यसैंले बचतकर्ताहरूले ब्याजको लोभमा नभई जथाभावी सहकारीमा बचत नगर्न सांसद सुवालले सुझाव दिनुभयो । साथै पछिल्लो समय भागेका सहकारी संस्थाका संचालकहरूको व्यक्तिगत सम्पत्ति बेचेर पनि बचतकर्ताको रकम फिर्ता गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

सिद्धि गणेश साकोस जस्ता राम्रा

## सिद्धि गणेश साधारणसभा क्षेत्र नं. १ र २

भक्तपुर । सिद्धि गणेश साकोसको ३० औं साधारणसभाको दौरानमा क्षेत्र नं १ र २ को साधारणसभाको उद्घाटन भक्तपुर न.पा.का प्रमुख सुनिल प्रजापतिले गर्नुभयो । सो अवसरमा उहाँले सहकारी संस्था भनेको गरिब जनताका असल मित्र हुनुपर्ने बताउनुभयो । सहकारी संस्थाहरूले जनताको जीवनस्तर उठाउन महत्वपूर्ण भूमिका खेल्न सकिने उहाँले बताउनुभयो ।

सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्थाको ३० औं वार्षिक साधारणसभा (क्षेत्र नं. १ र २ को संयुक्त क्षेत्रगत) को उद्घाटन गर्दै प्रमुख प्रजापतिले सहकारी संस्थाहरूले आर्थिक गतिविधिको साथै सदस्यहरूको लागि विभिन्न सीपमूलक तालिमहरु, सरसफाइ गतिविधिहरु र युवाहरूको सक्रियता बढाउन रचनात्मक गतिविधि गर्नु पनि आवश्यक भएको बताउनुभयो ।

उहाँले बताउनुभयो । उहाँले जनताको जिउ धनको सुरक्षा लिने गृहमन्त्री ग्वाज्यो (लाटो) जस्तै भएको बताउनुभयो । गृहमन्त्री नामले लेखक भए पनि व्यवहारमा बाढीपहिरोमा केही गर्न नसक्ने निरीह भएको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर न.पा. वडा नं ८ का वडा अध्यक्ष कृष्णप्रसाद कोजूले भक्तपुरमा पनि सहकारी संस्थाहरूमा समस्या देखिन थालेको भन्दै चिन्ता व्यक्त गर्नुभयो । उहाँले सहकारी ठगहरूमा कांग्रेस, एमाले र माओवादी पार्टीका नेता तथा कार्यकर्ताहरू नै रहेको बताउनुभयो ।

नेपाल मजदुर किसान पार्टी भक्तपुर न.पा. वडा नं ७ का अध्यक्ष एवं पूर्व वडा अध्यक्ष कृष्णगोविन्द खाइजूले सहकारी निम्न वर्गको जनताका लागि हुनुपर्ने बताउनुभयो । सिद्धि कृषि सहकारी संस्थाका अध्यक्ष पुण्यराम दुमरूले अहिलेका सरकारहरू किसानलाई चाहिने राशायनिक मलसम्म दिन नसक्ने निकम्मा सरकार भएको बताउनुभयो । कार्यक्रममा संस्थापक अध्यक्ष राजेन्द्र दुमरू, मित्र संस्थाको तर्फबाट युवा साकोसका प्रकाश बास्तोलाले शुभकामना व्यक्त गर्नुभयो ।

साधारणसभामा संस्थामा सदस्यहरूका एसइई र दस जोड दुई कक्षामा उत्कृष्ट अंक प्राप्त गर्न सफल १२ जना विद्यार्थीहरूलाई प्रशंशापत्र वितरण गरिएको थियो । यसअघि कार्यक्रमको उद्घाटन प्रमुख अतिथि नेमकिपाका सदस्य एवं बागमती प्रदेश सांसद सुरेन्द्रराज गोसाईंले पानसमा दीयो बालेर गर्नुभएको थियो । संस्थाका अध्यक्ष रूद्र नारायण लाखाको सभापतित्वमा भएको उक्त कार्यक्रममा स्वागत सञ्चालक सदस्य राजन लाखाजु तथा सञ्चालन संस्थाका व्यवस्थापक शिला गोसाईंले गर्नुभएको थियो ।

**के तपाईंले सदस्य पहिचान फारम (KYM) अद्यावधि गर्नुभयो ?**

कृपया सम्पूर्ण सदस्य महानुभावहरूमा संस्थाले उपलब्ध गराएको KYM फारम वा संस्थाको वेभसाईमा गई KYM फारम डाउनलोड गरी आफ्नो सम्पूर्ण विवरणहरू भरी संस्थामा बुझाई आफ्नो व्यक्तिगत विवरण अद्यावधि गराउनु हुन हार्दिक अनुरोध गर्दछौं ।

**सिद्धि गणेश साकोस**

संस्थाहरूले बालबालिकालाई अंग्रेजी, विज्ञान, गणित तथा नेपालीका एकदम वरिष्ठ शिक्षक ल्याएर पढाउन सके अझ राम्रो हुने तर्क सांसद सुवालले कार्यक्रममा व्यक्त गर्नु भएको थियो । सानैदेखि बालबालिकालाई राम्रो शिक्षा दिनसकेमा विदेशिन नपर्ने उहाँले बताउनुभयो । साथै वडा दशैंमा सन्तुलित खानपान गर्न उहाँले सुझाव दिनुभयो ।

साधारणसभामा नेपाल मजदुर किसान पार्टीका केन्द्रिय सदस्य एवं बागमती प्रदेशका सांसद सृजना सैंजूले सहकारी संस्थाहरूले आदर निकेतन स्थापना गर्नुपर्ने बताउनुभयो । अहिले घरका महिलाहरूले बाहिर गएर जागिर गर्नुपर्ने भएकाले आदर निकेतन अहिलेको आवश्यकता भएको उहाँले बताउनुभयो । उहाँहरूले घरमा आमाबुवाको हेरचाह गर्न जागिर छोड्नुपर्ने अवस्था छ । उहाँले भन्नुभयो, 'त्यसैले महिला दिदीबहिनीहरूको जागिर पनि नछुटोस् र आमाबुबाले पनि राम्रो हेरचाह पाउने आदर निकेतनको आवश्यकता रहेको हो ।

उहाँले अहिले हाम्रो देशमा पनि केही वर्षमा नै वृद्धवृद्धाहरू मात्र रहने अवस्था आउनसक्ने बताउनुभयो । अहिले दैनिक ७ हजार हाराहारीमा युवाहरू विदेशिने गरेको तथ्यांक पेश गर्दै उहाँले खासगरी यो राज्यले सोच्नुपर्ने विषय रहेको तर राज्यको बेवास्ताले गर्दा हामीले सोच्नैपर्ने भएको बताउनुभयो ।

भक्तपुर नगरपालिका वडा नं १० का वडाअध्यक्ष लक्ष्मीप्रसाद ह्यौमिखाले सहकारीको साधारण सभामा उपस्थिति भत्ता लिनको लागि मात्र नभई संस्थाको कार्यक्रममा सहभागी भएर संस्थाको बारेमा बझ्नुपर्ने बताउनुभयो । कुनै पनि सहकारी संस्थामा बचत गर्नुअघि संस्थाको सञ्चालन समितिको बारेमा राम्ररी बुझ्नुपर्ने उहाँले बताउनुभयो । उच्च व्याजको प्रलोभनमा जभाभावी बचत गर्न नहुने पनि उहाँले बताउनुभयो ।

संस्थाका पूर्व अध्यक्ष एवं सञ्चालक सदस्य हरिरत्न गोर्खालीले सिद्धि गणेश साकोस सामाजिक एवम् राम्रो ठाउँमा लगानी भएकोले हाम्रो सहकारी नडुब्ने दाबी गर्नुभयो । अहिले जति पनि सहकारी डुबेका छन् तिनीहरू सहकारीको अनियमितताको कारण डुबेको उहाँले बताउनुभयो । सहकारीको बारे केही सुझाव दिन उहाँले अनुरोध गर्नुभयो ।

प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाले सुरुदेखि नै बहुउद्देश्यीय सहकारी संस्थाहरू सञ्चालनमा रोक लगाउँदै आएको बताउँदै जनता सचेत भए संस्थाका सञ्चालकहरू सचेत र सतर्क रहने धारणा राख्नुभयो ।

भक्तपुर नपाले यहाँ सञ्चालित सहकारी संस्थाहरूमा नियमित अनुगमन गर्दै आएको बताउँदै उहाँले सहकारीका सञ्चालकहरूमा इमान्दारिता र आर्थिक अनुशासन अपरिहार्य भएको बताउनुभयो ।

सार्वजनिक एवम् सरकारी जग्गा संरक्षण गर्नु स्थानीय तहको कर्तव्य भएको बताउँदै उहाँले भक्तपुर नपाले सार्वजनिक जग्गा संरक्षणकै क्रममा सल्लाघारीस्थित १०८ रोपनी जग्गालाई संरक्षण र व्यवस्थापन गर्दै आइरहेको बताउनुभयो ।

भक्तपुरको आजको विकासमा धेरै अग्रजहरूको उल्लेखनीय भूमिका रहेको बताउँदै उहाँले शिक्षामा गरेको लगानीको प्रतिफलस्वरूप आज भक्तपुर ज्ञानविज्ञानको केन्द्र बन्न सफल भएको बताउनुभयो ।

कोभिड महामारीको संकटमा भक्तपुरका संघ संस्थाहरूले गरेको सहयोगको लागि भक्तपुर नपाको तर्फबाट आभार प्रकट गर्दै प्रमुख प्रजापतिले नगरबासी जनतालाई भक्तपुर नपाले निःशुल्क अक्सिजन र रगत उपलब्ध गराइ जनताको सेवा दिँदै आएको बताउनुभयो ।

साकोसका पूर्व अध्यक्ष कृष्णगोविन्द लाखाजुले सहकारी संस्थाहरूले साधारणसभा सञ्चालन गर्नुको उद्देश्यबारे प्रष्ट पार्दै २०५१ सालमा ३१ जनाको समूहले स्थापना भएको सिद्धिगणेश साकोसमा हाल १६ हजार भन्दा बढी सदस्यहरू भएको बताउनुभयो ।

साकोसले सदस्य वृद्धिसँगसँगै सामाजिक क्षेत्रमा उल्लेखनीय कार्यहरू जस्तै स्वास्थ्य केन्द्र, तालिम हल, स्वास्थ्य शिविर आदि सञ्चालन गर्दै व्यापक जनताको हित हुने गतिविधिलाई निरन्तरता दिँदै आएको बताउनुभयो ।

भक्तपुर नपा वडा नं. ३ का वडाध्यक्ष राजकृष्ण गोराले साधारणसभालाई उपस्थिति भत्ता र खाजा खर्च लिने दिनको रूपमा नभई सहकारीको आर्थिक अवस्थाबारे सदस्यहरूलाई जानकार गराउने उद्देश्यले सञ्चालन हुन जरूरी

*बाँकी पृष्ठ १६ मा*

# सुविधाजनक भक्तपुरको स्थापनामा सहकारी आन्दोलनको ठूलो भूमिका



भक्तपुर, २९ पुस ।

सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लिमिटेडको ३१ औं स्थापना दिवस समारोह सञ्चालक समितिको आयोजना तथा नेमकिपाका केन्द्रीय सदस्य एवम् बागमती प्रदेश सभा सदस्य माननीय सांसद सृजना सैंजूको प्रमुख आतिथ्यतामा सिद्धि गणेश तालिम हल, खँचामा सम्पन्न भएको छ ।

कार्यक्रमका सांसदसैंजूले संसारमा सहकारी आन्दोलनको सुरूवात सन् १९१७ बाट नै भएको र सहकारी आन्दोलनको माध्यमबाट नै थुप्रै राष्ट्रहरूमा किसानहरूको प्रगति भएको बताउनुभयो । उहाँले सुविधाजनक भक्तपुरको स्थापनामा सहकारी आन्दोलनको ठूलो भूमिका रहेको बताउँदै लेनिनले सय वर्ष अगाडि नै अनुमान गरेका दुई सहकारी आन्दोनका पक्षहरू अहिले लागु भइरहेको बताउनुभयो । सांसद सैंजूले सिद्धि गणेश साकोसले झण्डै एक पुस्ताको निम्ति सेवा प्रदान गरेर समाजमा परिवर्तन ल्याउन अहम् भूमिका खेलेको बताउँदै संस्था सहकारी आन्दोलनको एक प्रारम्भिक सहकारी संस्था रहेको स्पष्ट पार्नुभयो ।

प्रमुख अतिथि सृजना सैंजूले संस्थाको विकासका लागि २५ वर्षदेखि अनवरत सेवा प्रदान गर्ने संस्थाका निमित्त व्यवस्थापक चन्द्र प्रसाद दुमरू र बचत प्रमुख सुमित्रा खाईजुलाई पदक र कदर-पत्र प्रदान गरी सम्मान गर्नु भएको थियो ।

कार्यक्रमका अतिथि भक्तपुर नगरपालिका, वडा नं ७ का वडाध्यक्ष उकेश कवांले सिद्धि गणेश साकोस जस्ता समुदायमा आधारित सहकारी संस्थाले समाजलाई रूपान्तरण गर्न टेवा पुऱ्याउने बताउनुभयो । उहाँले सहकारीका सञ्चालक सदस्यहरू र कर्मचारीबीच राम्रो समन्वय कयम नगरे सहकारी संस्था समस्यामा पर्ने बताउँदै संस्था विकासका लागि निरन्तर अनुसन्धानहरू गर्दै जानुपर्ने धारणा राख्नुभयो । उहाँले सहकारी संस्थाहरूले विभिन्न सामाजिक कार्यमा सहयोग गर्नुपर्नेमा जोड दिनुहुँदै ज्येष्ठ नागरिकका लागि आदर निकेतन र शिशुहरूका लागि शिशु स्याहारको स्थापना गर्दै जान सुझाव दिनुभयो ।

उहाँले हाल अस्वस्थ खानपानका कारण विभिन्न रोग निम्तिएको जानकारी दिँदै वडाका २ सय घरमा अनुसन्धान गर्दा ५० घरमा मधुमेहका बिरामी र ५० घरमा मुटुरोगका बिरामी रहेको तथ्याङ्क निस्किएको बताउनुभयो । वडाध्यक्ष कवांले स्वस्थ बन्न हामीले आफ्नो रहन सहनलाई फुड टेक्निसियनसँग सल्लाह गरी स्वस्थ आहार तालिका बनाउनुपर्ने सुझाव दिनुभयो ।

कार्यक्रमका अतिथि भक्तपुर नगरपालिकाका प्रतिनिधि हरि प्रसाद बासुकलाले हाल सहकारी क्षेत्रमा देखिएको समस्याहरूको समाधान गर्न राष्ट्र स्तरमा नै विभिन्न अनुगमन समिति बनाई सहकारी क्षेत्र विकास गर्ने कार्य भई रहेको जानकारी दिनुभयो । उहाँले भक्तपुर नगरका सम्पूर्ण सहकारी संस्था समुदायमा आधारित रहेको हुनाले भक्तपुरका कमै सहकारी संस्थामात्र समस्यामा परेको बताउनुभयो । वडाध्यक्ष बासुकलाले जगेडा कोष बलियो भएका सहकारी संस्था दिगो हुने बताउँदै जगेडा कोषको रकम उत्पादनशिल क्षेत्रमा लगानी गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

कार्यक्रमका सभापति एवं संस्थाका अध्यक्ष रूद्र नारायण लाखाले समुदायमा आधारित भई कार्य गर्दै आएको यस संस्था सदस्यहरूको विश्वास र सहयोगले गर्दा जिल्लामा मात्र नभई राष्ट्रमै सफल बनेको बताउनुभयो ।

उहाँले ३१ जना युवाहरूको अगुवाईमा स्थापित यस संस्थामा पहिलो वर्षमा घाटामा गएको संस्था हाल बाल बचतकर्ता तथा ज्येष्ठ सदस्यहरूसमेत गरी २१ हजार भन्दा बढिको सदस्यहरूका साथमा निरन्तर नाफामा रहेको बताउनुभयो ।

कार्यक्रममा संस्थाका उपाध्यक्ष विष्णु प्रसाद दुमरूले समुदायमा आधारित सहकारी संस्थाहरूले सामाजिक कार्य गर्दै गर्दा नाफामुखी सहकारी संस्थाले आर्थिक अपचलन गर्दा सम्पूर्ण सहकारी क्षेत्रको बदनामी भई रहेको बताउनुभयो । उहाँले सहकारी संस्थाहरूले अनिवार्य रूपमा उत्पादनशिल क्षेत्रमा लगानी गर्दै जानुपर्नेमा जोड दिनुभयो । उहाँले सहकारी संस्थाले कृषि एवं शिक्षा क्षेत्रमा लगानी गर्नुपर्ने अवस्थामा जारी गरिएको अध्यादेशले सहकारी संस्थाको लगानी क्षेत्रमा लगाम लगाउने कार्य गरेको बताउनुभयो । उहाँले सहकारी सबैमा समान किसिमका नीति नियम लागु गर्नु भन्दा सहकारीको क्षेत्र अनुसारको नीति निमार्ण गरी सहकारी सञ्चालन गरे सदस्यहरूको सामाजिक तथा आर्थिक विकास हुने धारणा राख्नुभयो ।

संस्थाको ३१औं स्थापना दिवसको कार्यक्रम संस्थाका सचिव विष्णु प्रसाद दुमरूले गर्नुभएको थियो । साथै समारोहमा संस्थाका कोषाध्यक्ष जयराम गोर्खालीले ३१ जना युवाहरूबाट सुरू भएका यस संस्था हाल १७ हजार ६ सय जनाको परिवार बनी नेपालभरमा उत्कृष्ट १० सहकारीहरूमध्ये एक रहेको जानकारी दिनुभयो । उहाँले संस्थाको वित्तीय अवश्यकताको जानकारी दिनुहुँदै संस्थामा निरन्तर अध्ययन र अनुसन्धान गरी संस्थाको विकास गर्दै जानुपर्ने बताउनुभयो । उहाँले संस्थाका सम्पूर्ण सदस्य, कर्मचारी तथा सञ्चालक सदस्यहरू निस्वार्थ रूपमा संलग्न रहे संस्था सफल बन्दै जाने विचार राख्नुभयो ।

कार्यक्रममा भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघका अध्यक्ष एवं सिद्धि गणेश साकोसका सञ्चालक सदस्य कृष्ण गोविन्द लाखाजुले संस्थाका संस्थापकहरूले सिद्धि गणेशलाई मात्र अगाडि नबढाइ जिल्ला भरका सहकारी संस्था सफल र समुदायमा आधारित बनाउनु पर्ने आवश्यकता पूरा गर्न संस्थाको अगुवाईमा जिल्ला सहकारी संघको स्थापना गरिएको स्मरण गराउनुभयो । उहाँले सहकारी संस्थाहरूले राष्ट्रको

अर्थतन्त्रमा टेवा पुऱ्याउन कृषि तथा उत्पादनमुलक क्षेत्रमा लगानी गर्दै जानुपर्नेमा जोड दिनुभयो ।

उहाँले सहकारीमा महिला सदस्यहरू बढि संलग्न रहेता पनि नेतृत्व गर्ने पक्षमा भने महिलाको सहभागिता कम रहेको चर्चा गर्नुभयो । उहाँले सहकारी संस्थाबाट सामाजिक क्षेत्रमा गरेका योगदान गरेका कार्य अरूलाई पनि सुनाई अरूलाई पनि प्रोत्साहन दिनुपर्ने बताउनुभयो ।

उहाँले हालै मन्त्री परिषद्‌बाट स्वीकृत सहकारी सम्बन्धी अध्यादेशले निजी क्षेत्रलाई बढि प्राथमिकता दिने कार्य गरी सहकारी संस्थाहरू बन्द गर्नुपर्ने अवस्था निम्त्याउने बताउनुभयो । उहाँले सो अध्यादेशले समुदायको हितका लागि कार्य गर्ने सहकारी संस्थामा समेत खराब असर गर्ने हुनाले यसको सबैले विरोध गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।




कार्यक्रमका अतिथि डा. रत्न सुन्दर लासिवाले निजी स्वास्थ्य क्लिनिकमा महङ्गोमा स्वास्थ्य सेवा उपभोग गर्नुपर्ने अवस्थामा सिद्धि गणेश स्वास्थ्य क्लिनिकबाट सुलभ मुल्यमा विभिन्न स्वास्थ्य सेवा प्रदान गर्दै आएको बताउनुभयो ।

उहाँले यहि माघ २२ गतेदेखि फागुन ६ गतेसम्म नेपाल अधिराज्य भर महिलाहरूको पाठेघरमा हुने क्यान्सर रोगको रोकथामका लागि १० देखि १४ वर्षसम्मका किशोरीहरूलाई एचपिइभी भ्याकसिन लगाइने जानकारी दिनुभयो । उहाँले हाल समाजमा सरूवा रोग भन्दा नसर्ने रोग बढि रहेको बताउँदै सरूवा रोग भन्दा नसर्ने रोग बढि जीवन घातक हुने जानकारी दिनुभयो । उहाँले सरूवा रोगको औषधी उपचार गरी छिट्टै सञ्चो हुने तर नसर्ने रोगको उपचार लामो समय सम्म गर्नुपर्ने भएकाले बिरामीहरूलाई बढि आर्थिक भार पर्ने बताउनुभयो ।

समारोहमा संस्थाका पूर्व अध्यक्ष एवं सञ्चालक सदस्य हरिरत्न गोर्खालीले नेपाल मजदुर किसान पार्टीका अग्रजहरूको भावनालाई आत्मसाथ गरी कार्य गर्दै संस्था सफल बन्दै गएको बताउनुभयो । उहाँले अध्ययन गर्नुको महत्व बारे चर्चा गर्नुहुँदै राष्ट्रका निम्ति लड्ने व्यक्तिहरूको अध्ययन गरे आफुमा पनि राम्रो प्रभाव पर्दै जाने बताउनुभयो । अनावश्यक खर्च कटौटी गरी बचत गर्ने बानीको विकास गर्ने उद्देश्यका साथ संस्था अघि बढि रहेको बताउँदै बचत गर्ने बानीले भविष्यमा पर्ने समस्याको समाधान हुने उहाँले धारणा राख्नुभयो । किसानहरू र न्यून आय भएका सदस्यहरूको आर्थिक बिकासका निम्ति समाजमा सहकारी संस्था आवश्यक रहेको बताउँदै नीति नियमा सहकारी संस्था सञ्चालन नगरेमा संस्था समस्यामा पर्ने पनि उहाँले बताउनुभयो । उहाँले हाल सहकारी संस्थामा बढि रहेको अनियमितताका कारण सहकारी क्षेत्रमा विकृति फैलिरहेको भन्नुहुँदै समाजवादी व्यवस्था अन्तरगतका सहकारीहरूलाई प्राथमिकता दिए मात्र समाज र जनताको हित हुने बताउनुभयो ।

कार्यक्रममा संस्थाका निवर्तमान अध्यक्ष एवं सञ्चालक सदस्य राजन लाखाजुले केही समस्यामा परेका सहकारी संस्थाका कारण भई रहेको विकृतिका कारण राम्रा समुदायमा आधारित सहकारी संस्थाको पनि बदनामी भई रहेको बताउनुभयो । उहाँले समुदायमा आधारित सहकारी संस्था सामाजिक सेवामा आवद्ध रहने र सामाजिक परिवर्तन ल्याउने विचार व्यक्त गर्नुभयो ।

निवर्तमान अध्यक्ष लाखाजुले संस्थाको स्थापना दिवस संस्थापक सदस्यहरूले पुऱ्याएको योगदानको कदर गर्दै व्यक्तिगत भन्दा सामुहिक प्रयासका कारण संस्था विकास भई रहेको बताउनुभयो । उहाँले संस्थाको स्थापनाकालमा कार्य गर्ने सञ्चालकहरूको नेतृत्व, कार्यदक्षता, पारदर्शिताको कदर गनुहुँदै संस्था सफल बन्नुमा उहाँहरूको योगदान अतुलनीय रहेको बताउनभयो ।

साथै कार्यक्रममा संस्थाका निमित्त व्यवस्थापक चन्द्र प्रसाद दुमरूले संस्थाको स्थापना दिवसको अवसरमा संस्थाका सबै उपसमितिको आयोजनामा विभिन्न तालिम, अन्तरक्रिया कार्यक्रम, स्वास्थ्य शिविर तथा खेलकुद प्रतियोगिताहरू सम्पन्न भएको जानकारी दिनुभयो । उहाँले माथिल्लो निकायबीच समन्वय कायम गरी नीति नियममा सञ्चालन भएको संस्थामा सदस्यहरूको बचत र ऋण लगानी सुरक्षित रहेको बताउनुभयो ।

**सिद्धि गणेशद्धारा ज्येष्ठ.... (पृष्ठ १ बाट)**

संस्थाका अध्यक्ष एवं कार्यक्रमका सभापति रूद्रनारायण लाखाले राजनीति प्रेरणाबाटै समुदायको हितमा सहकारी संस्था स्थापना गरेको बताउनुभयो ।

संस्थाका उपाध्यक्ष विष्णुराम दुमरूले देशको राजनीतिक अवस्था बिग्रिएकोमा चिन्ता व्यक्त गर्दै देश र जनताप्रति समर्पित भएर असल राजनीति गर्ने दलका कार्यकताले चलाएको सहकारी संस्था व्यवस्थित र नियमित चलिरहेको र अरूको सहकारी संस्थाका सञ्चालकहरु पैसा खाएर बेपत्ता भएको बताउनुभयो ।

कार्यक्रममा संस्थाका कोषाध्यक्ष जयराम गोर्खालीले आ-आफ्नो पुस्तावारीलाई लिपिबद्ध गर्नुपर्ने र समाजमा मिलेर बस्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

संस्थाका सचिव विष्णुप्रसाद दुमरूले कार्यक्रमको आवश्यकताबारे प्रकाश पार्नुभयो भने व्यवस्थापक शिला गोसाईले सहकारी संस्था बैंक र फाइनान्सभन्दा फरक रहेको र समुदायमा आधारित संस्था भएको जानकारी दिनुभयो ।

८० जना ज्येष्ठ नागरिकलाई आमन्त्रण गरिएको उक्त ज्येष्ठ सम्मान कार्यक्रममा उपस्थित ६८ जनालाई सम्मान गरिएको थियो । सो अवसरमा ज्येष्ठ नागरिकहरूलाई अतिथि नारायणमान बिजुक्छें (रोहित) ले दोसल्ला ओढाइ सम्मान गर्नुभएको थियो । यसअघि ज्येष्ठ नागरिकहरूको स्वास्थ्य परीक्षण गरिएको थियो । स्वास्थ्य परीक्षणमा नि:शुल्क औषधि वितरण गर्ने संस्थालाई कदरपत्र प्रदान गरिएको थियो ।



## सिद्धि गणेश साकोसको प्रथम त्रैमासिक प्रगति समिक्षा सम्पन्न

भक्तपुर, २२ कार्तिक । सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्थाको आ.व. २०८१/०८२ को प्रथम त्रैमासिक प्रगति समिक्षा बैठक संस्थाको समिति, उपसमिति र कर्मचारीहरूको सहभागितामा सम्पन्न भयो ।

बैठकमा संस्थाका अध्यक्ष एवं सभापति रूद्र नारायण लाखाले उचित आन्तरिक लेखा परीक्षण गर्नु एक सबल सहकारीको पहिचान भएको बताउँदै लक्ष्य र वर्तमान प्राप्ति बिचको अन्तर केलाएर लक्ष्य प्राप्तिका लागि रणनीति बनाउन समिक्षा कार्यक्रम गर्ने उद्देश्यले समिक्षा बैठकको आयोजना गरिएको जानकारी दिनुभयो ।

बैठकमा संस्थाका उपाध्यक्ष विष्णुराम दुमरूले संस्थामा ऋण लगानी भन्दा असुली बढि रहेको अवस्थामा उत्पादनमूलक क्षेत्रमा लगानी गरी न्यून आयस्रोत भएका सदस्यहरूको आर्थिक क्षमता विकास गर्दै जानु पर्नेमा जोड दिनुभयो । उहाँले समस्यामा परेका सहकारी संस्थाले सर्वसाधारण जनताको बचत अपचलन गरीएको हुनाले सबल सहकारी संस्थाका रूपमा स्थापित हुन सहकारी सिद्धान्तको पालना गरी समुदायमा आधारित बन्नुपर्ने बताउनुभयो ।

संस्थाका सचिव विष्णु प्रसाद दुमरूले संस्थाबाट आयोजना भएका विभिन्न कार्यक्रमहरू एवं अन्य संघ संस्थाको आयोजनामा भएका कार्यक्रममा संस्थाको सहभागिता विवरण बैठकमा प्रस्तुत गर्नुहुँदै सदस्य एवं संस्थाको विभिन्न नीतिगत संशोधन सम्बन्धि जानकारी दिनुभयो ।

संस्थाले २०८१ असोज मसान्तसम्म १७०२७ सदस्य, शेयर पूँजी २६ करोड ८९ लाख, निक्षेप तथा बचत २ अर्व ५० करोड २० लाख, ऋण लगानी १ अर्ब ६६ करोड ४४ लाख, जगेडा कोष २५ करोड ३३ लाख तथा कुल सम्पत्ति ३ अर्ब १७ करोड ८० लाखको संकलन गरेको आर्थिक प्रगति विवरण संस्थाका कोषाध्यक्ष जयराम गोर्खालीले प्रस्तुत गर्नुभयो ।

बैठकमा व्यवस्थापक शिला गोसाईले संस्था प्रविधि मैत्री बन्ने क्रममा प्रविधि सम्बन्धि वित्तीय कारोबारमा ह्याकिङ जस्ता समस्या उत्पन्न भएको बताउनुहुँदै सदस्यहरूलाई ती समस्याबारे निरन्तर प्रविधि साक्षरताका साथै कानुनी साक्षरता कार्यक्रमको आयोजना गरी सुसूचित गर्दै जानुपर्ने आवश्यकता औंल्याउनुभयो ।



## सिद्धि गणेश साकोसको अर्धवार्षिक समिक्षा सम्पन्न

भक्तपुर, २३ माघ, सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था को आ.व. २०८१/०८२ को अर्ध-वार्षिक प्रगति समिक्षा बैठक संस्थाको समिति र कर्मचारीहरूको सहभागीतामा चाँथुली भक्तपुरमा सम्पन्न भयो ।

कार्यक्रममा संस्थाका अध्यक्ष एवं सभापति रूद्र नारायण लाखाले लक्ष्य र वर्तमान प्राप्ति बीचको अन्तर केलाएर लक्ष्य प्राप्तिका लागि रणनीति बनाउन समिक्षा कार्यक्रम गर्ने समिक्षा कार्यक्रमको आयोजना गरिएको बताउनुभयो । उहाँले सदस्यहरूको आर्थिक विकास गर्न संस्थाले अध्ययन गरी सहकारी पसल सञ्चालन गरे सदस्यहरूको व्यवसाय प्रवर्द्धन हुने बताउनुभयो । उहाँले संस्थामा ऋण लगानी कम भएको अवस्थामा समयानुसार संस्थाको ऋण नीति परिमार्जन गर्दै जानुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा संस्थाका उपाध्यक्ष विष्णुराम दुमरूले संस्थाले ऋण लगानी बृद्धि गर्न स-सना किस्ताबन्दी ऋणलाई प्राथमिकता दिनुपर्ने भन्नुहुँदै संस्थाले ऋण लगानीको साथै ऋण असुलीमा पनि ध्यान दिनुपर्ने बताउनुभयो । उहाँले सदस्यहरूको व्यवसाय प्रवर्द्धन गर्न सहकारी संस्थाहरूले सहकारी पसल तथा सहकारी मेला सञ्चालन गर्दै जानुपर्ने बताउनुभयो ।

कार्यक्रममा संस्थाका सचिव विष्णु प्रसाद दुमरूले संस्थामा ऋण लगानी कम भई रहेको अवस्थामा बजारको अध्ययन गरी नयाँ लगानी क्षेत्रहरूको पहिचान गर्नुपर्ने जोड दिनुभयो । उहाँले आ.व. २०८१/०८२ को पुस मसान्तसम्म भएका कार्यक्रमका साथ साथै संस्थाका विभिन्न नीति तथा कार्यविधिहरूको जानकारी दिनुभयो ।

कार्यक्रममा संस्थाका कोषाध्यक्ष जयराम गोर्खालीले संस्थाको थप विकास गर्न संस्थाको मानव संसाधन व्यवस्थापनमा विषेश ध्यान दिनुपर्ने बताउनुभयो । उहाँले संस्थालाई दिगो बनाउन संस्थामा सल्लाहकार समितिको गठन गर्नुपर्ने बताउँदै संस्था विकास गर्न अनुसन्धान र विकास विभागको आवश्यकता रहेको जानकारी दिनुभयो ।

संस्थाका लेखा सुपरिवेक्षण समितिका संयोजक राम प्रसाद लाखाजुले संस्थाको लक्ष्य प्राप्ति गर्न समिक्षा बैठक आवश्यक

बाँकी पृष्ठ १५ मा

# अनिवार्य शिक्षा शिविर एवं पुरस्कार र प्रमाण-पत्र वितरण




भक्तपुर, २० पुष । सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्थाको शिक्षा उपसमितिको आयोजनामा अनिवार्य शिक्षा शिविर एवं पुरस्कार तथा प्रमाण-पत्र वितरण कार्यक्रम बागमती प्रदेश सभा सांसद माननीय श्रृजना सैंजूको प्रमुख अतिथ्यतामा सिद्धि गणेश तालिम हल, खँचामा सम्पन्न भयो ।

कार्यक्रमका प्रमुख अतिथि एवम् बागमती प्रदेश सभा सांसद श्रृजना सैंजूले नेपालमा सहकारी आन्दोलनले जनताहरूको आर्थिक प्रगतिको निम्ति मात्र नभई शिक्षा, स्वास्थ्य, कृषि, जस्ता थुप्रै क्षेत्रहरूको विकासको निम्ति टेवा पुऱ्याएको भन्नुभयो । संसारमा सहकारी आन्दोलनको सुरूवात सन् १९१७ बाट नै भएको र सहकारी आन्दोलनको माध्यमबाट नै थुप्रै राष्ट्रहरूमा किसानहरूको प्रगति भएको पनि उहाँले बताउनुभयो । उहाँले सुविधाजनक भक्तपुरको स्थापनामा सहकारी आन्दोलनको ठूलो भूमिका रहेको भन्नुहुँदै लेनिनले सय वर्ष अगाडि नै अनुमान गरका दुई सहकारी आन्दोलनका पक्षहरू अहिले लागु भइरहेको बताउनुभयो । सैंजुले सिद्धि गणेश साकोसले झण्डै एक पुस्ताको निम्ति सेवा प्रदान गरेर समाजमा परिर्वतन ल्याउन अहम भूमिका खेलको बताउनुभयो ।

सांसद सैंजूले संस्थाको ३१औं स्थापना दिवसको अवसरमा मिति २०८१ पुस १० गते सम्पन्न भएको अन्तर विद्यालय/सहकारी हाजिरी जवाफ प्रतियोगिताका प्रथम बिजेता बासु मा.वि., दोस्रो विजेता वागीश्री मा.वि., तेस्रो र सान्तोना विजेता पारागन एकेडेमी (ख) र (क) लाई पुरस्कार वितरण गर्नु भएको थियो ।

कार्यक्रमका अतिथि एवम् संस्थाका अध्यक्ष रूद्र नारायण लाखाले सहकारीको मूल्य र मान्यताहरू प्रष्ट पार्नुका साथै शिक्षा शिविरको महत्वबारे पनि प्रकाश पार्नुभयो । उहाँले सदस्यहरूको सहजताको लागि विभिन्न संघसंस्थाहरूसंग समन्वय गरी नयाँ नीतिनियमहरू लागु गर्दै संस्था अगाडि बढिरहेको जानकारी दिनुभयो । यसका साथै उहाँले सदस्यहरू शिक्षा शिविरमा बसेपश्चात् पाउने विभिन्न सुविधाहरूबारे पनि जानकारी दिनुभयो ।

कार्यक्रमका अतिथि एवम् संस्थाका निमित्त व्यवस्थापक चन्द्र प्रसाद दुमरूले संस्थाको ३१औं स्थापना दिवसको अवसरमा विभिन्न प्रतियोगिताहरू, तालिमहरू, शिविरहरू र कार्यक्रमहरू भइरहेको जानकारी दिनुभयो । उहाँले सदस्य पहिचान फारम भर्दा संस्थाले सदस्यहरूको बारे सही जानकारी पाउने हुँदा नियम अनुसार फरम भरी दिनुहुन पनि आग्रह गर्नुभयो ।

कार्यक्रमका सभापति एवम संस्थाका सचिव विष्णु प्रसाद दुमरूले पहिले पहिले साहुमहाजनसँग पैसा सापटी लिंदा सबै सर्तहरू मान्दा पनि सहुमहाजनको हेपाई खप्नुपरेको कारणले गर्दा नै सिद्धि गणेशको माध्यमबाट समाजमा केही राहत दिनको निम्ति साकोसको स्थापना भएको बताउनुभयो । सकोसले स्थापनाकालदेखि नै विभिन्न उपभोक्ता समिति गठन गर्दै सामाजिक सेवाहरू पनि गर्दै आएको पनि उहाँले जानकारी दिनुभयो । उहाँले सदस्यहरूलाई ब्याजको प्रलोभनमा नपरी संस्थाको गतिविधिहरूको आधारमा संस्थाहरूको मुल्याङ्कन गरी सदस्यता लिन आग्रह गर्नुभयो ।

# ऋण लगानी सम्बन्धी जानकारी एवं अन्तरक्रिया




१३ पुस, भक्तपुर । यस सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि. को ऋण उपसमितिको आयोजनामा संस्थाको संस्थाका ऋणी तथा सदस्यहरूलाई ऋण लगानी सम्बन्धि जानकारी एवं अन्तरक्रिया कार्यक्रम सिद्धि गणेश तालिम हल, खँचामा सम्पन्न भयो ।

कार्यक्रममा संस्थाका अध्यक्ष रूद्र नारायण लाखाले सहकारी संस्थामा हाल देखा परेका समस्याहरू हल गर्ने उद्देश्यका साथ मन्त्रिपरिष्द्को सिफारिसमा सहकारी सम्बन्धि केही नेपाली ऐनलाई संशोधन गर्ने अध्यादेश जारी गरिएको साथै उक्त अध्यादेशमा सहकारी कर्जा सूचना केन्द्र बनाउने योजना समेत रहेको जानकारी दिनुभयो । उहाँले जारी भएको अध्यादेशमा हालका सहकारी संस्था सञ्चालनका गर्न सबल एवं सुधार गर्नुपर्ने दुबै बुदाहरू समावेश गरिएको धारणा व्यक्त गर्नुभयो ।

उहाँले सदस्यहरूलाई ऋण लगानी सम्बन्धि जानकारी प्रदान गरी सदस्यहरूलाई उद्यमशिल बनाउने कार्यक्रमको उद्देश्य रहेको बताउनुभयो । उहाँले सदस्यहरूलाई हाल ऋण लगानी गर्दा आएका समस्या हल गर्न सुझावहरू प्रदान गर्न आग्रह गर्नुहुँदै सदस्यहरूले आफ्नो दायित्व पुरा गरे संस्थालाई आफ्नो दायित्व पुरा गर्न सहज हुने बताउनुभयो । उहाँले समुदायमा आधारित यस संस्थाले निरन्तर सदस्यहरूको आर्थिक एवं सामाजिक विकासका लागि कार्य गर्नुका साथै कला र साँस्कृति जगेर्ना गर्न विभिन्न तालिम तथा प्रतियोगिताहरू आयोजना गर्दै आएको बताउनुभयो ।

कार्यक्रममा संस्थाका कोषाध्यक्ष जयराम गोर्खालीले संस्थाको आर्थिक गतिविधि बारे जानकारी दिनुहुँदै यस किसिमका

अन्तरक्रिया कार्यक्रम मार्फत सदस्यहरूको राय सुझावहरू संकलन गर्न मञ्च बन्न सकिने बताउनुभयो ।

उपसमितिका संयोजक एवं कार्यक्रमका सभापति राम चन्द्र दुमरूले देशका युवाहरूलाई स्वदेश मै उद्यम गर्न प्रोत्साहन गर्न संस्थाबाट न्यूनत्तम ब्याजदरमा विभिन्न शिर्षकमा ऋण प्रदान गर्दै आएको साथै सदस्यहरूको शिक्षालाई मध्यनजर गरी संस्थाबाट शैक्षिक प्रमाण–पत्रका आधारमा पनि ऋण प्रदान गर्दै आएको जानकारी दिनुभयो ।

उहाँले हाल सहकारी संस्थामा समस्या देखिनुको मुख्य कारण संस्थाहरूमा ऋण असुलीमा समस्या देखिनु हो भन्नुहुँदै सहकारी संस्थाले नीति संगत ऋण लगानी र आर्थिक अपचलन नगर्दा कुनै पनि समस्या ननिम्त्याउने बताउनुभयो ।

कार्यक्रममा संस्थाका निमित्त व्यवस्थापक चन्द्र प्रसाद दुमरूले संस्थाको ३१औं स्थापना दिवसको अवसरमा संस्थाका सदस्यहरूलाई सुसूचित गर्ने उद्देश्यका साथ हाजिरी जवाफ प्रतियोगिता तथा सदस्यहरू स्वास्थ्य रहोस भनी निःशुल्क स्वास्थ्य शिविरको आयोजना गरिएको जानकारी दिनुभयो ।

उहाँले पर्ल्स अनुगमन प्रणलीको मापदण्डले सहकारी संस्थाको अवश्था बारे पूर्ण जानकारी दिने बताउँदै सो प्रणली अनुसार बचतको ७० देखि ८० प्रतिशत ऋण लगानी हुनुपर्नेमा हाल संस्थामा ५१ प्रतिशत मात्र लगानी भई रहेको प्रति चिन्ता व्यक्त गर्नुभयो ।

निमित्त व्यवस्थापक दुमरूले बचत तथा ऋण कारोबारका साथ साथै संस्थाबाट अन्य वित्तीय सेवाहरू मोबाइल बैंकिङ, बिमा, मनि ट्रान्सफर तथा कनेक्ट आइ.पि.एस सेवाहरू प्रदान गर्दै आएको जानकारी दिनुभयो । उहाँले सदस्यहरूको जानकारी राख्न सदस्य पहिचान फारम अतिआवश्यक रहेको बताउँदै सम्पूर्ण सदस्यहरूलाई सो फारम भर्न आग्रह गनुभयो ।

अन्त्ररक्रिया कार्यक्रममा सहभागी संस्थाका सदस्यहरूले संस्थाको सेवा सुविधा प्रति चासो राखि आ–आफ्ना धारण व्यक्त गरेका थिए । सदस्य माझबाट संस्था प्रविधि मैत्री बनी संस्थाको सेवा सुविधामा प्रविधिको प्रयोग गरिनु पर्ने सुझाव प्रस्तुत भएको थियो ।

# पन्ध्रदिने फोटोग्राफी तालिम

भक्तपुर, ६ असार । यस सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्थाको युवा उपसमितिको आयोजनामा पन्ध्रदिने आधारभुत फोटोग्राफी तालिमको समापन कार्यक्रम सिद्धि गणेश तालिम हल, खँचामा सम्पन्न भयो ।




कार्यक्रममा संस्थाका अध्यक्ष रूद्र नारायण लाखाले ३१ जना युवाबाट प्रारम्भ भएको यस संस्था स्थापनाकालदेखि नै समाज र सदस्यहरूको हितका लागि निरन्तर कार्यरत रहेको बताउनुभयो । उहाँले समाजमा दक्ष जनशक्तिको उत्पादनका लागि संस्थाबाट निरन्तर सीपमुलक एवं क्षमता अभिबृद्धि तालिम सञ्चालन गरी सदस्यहरूलाई आर्थिक अवसर प्रदान गर्दै आएको उल्लेख गर्नुभयो ।

उहाँले हरेक तालिममा प्रशिक्षित सीपको सदुपयोग गर्ने उद्देश्यका साथ तालिममा सहभागि हुनुपर्ने भन्नुहुँदै सीपको विकास र सदुपयोग गर्न प्रशिक्षार्थीले भविष्यमा प्रशिक्षकको भूमिका निभाउनुपर्ने बताउनुभयो ।

कार्यक्रममा अध्यक्ष लाखाले तालिमका प्राशिक्षार्थीहरूलाई प्रमाण–पत्र वितरण गर्नुका साथै तालिमको सिप सदुपयोग गर्न प्रोत्साहन गर्नु भएको थियो ।

कार्यक्रममा उपसमितिका संयोजक एवं संस्थाका उपाध्यक्ष विष्णु राम दुमरूले आधारभुत शिक्षा र सीपको महत्वबारे चर्चा गर्नुहुँदै संस्थाबाट विद्यार्थीहरूको उज्वल भविष्यको लागि सही विषय र सीप छनोट सम्बन्धी मार्ग निर्देशन कार्यक्रमहरू सञ्चालन गर्दै आएको जानकारी दिनुभयो । उहाँले हाल शिक्षण संस्थाहरूले युवाहरूलाई विदेश जान एक रिफर संस्थाको कार्य गर्दै आएको प्रति चिन्ता व्यक्त गर्नुहुँदै शिक्षण संस्थाहरूले आधारभुत तह देखि नै विद्यार्थीहरूलाई प्रयोगात्मक शिक्षा र सीप प्रशिक्षण गरी दक्ष जनशक्ति उत्पादन गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

उहाँले अनियमितता र भ्रष्टाचार नै देश समस्यामा पर्नुको मुख्य जरा हो भन्नुहुँदै हामी जस्ता कृषि प्रधान राष्ट्रमा कृषिको प्रवर्द्धन र युवाहरूलाई उत्पादनमूलक तालिमको व्यवस्था गरी वैदेशिक रोजगारीका लागि बाहिरिने युवाहरूलाई स्वदेश मै उत्पादनशिल क्षेत्रमा सदुपयोग गरे मात्र देशको उत्पादन शक्तिमा बृद्धि भई राष्ट्रको दिगो विकास हुने बताउनुभयो ।

उपाध्यक्ष दुमरूले तालिमका प्रशिक्षकहरूलाई कदर–पत्र प्रदान गर्नुहुँदै प्रशिक्षार्थीहरूको सुझावमा संस्थाबाट एड्भान्स तालिमहरू सञ्चालन गर्न सकिने बताउनुभयो ।

कार्यक्रममा तालिमका प्रशिक्षक शरद राईले दुई सय वर्ष अगाडीदेखि नै फोटोग्राफीको विकासक्रम सुरू भएको उल्लेख गर्नुहुँदै फोटोग्राफी क्षेत्रमा एआई जस्ता आधुनिक विज्ञानको विकासले फोटोग्राफरहरूलाई अन्योलमा पारेको बताउनुभयो ।

उहाँले भारत र चीनका अभ्यासहरूको उदाहरण दिनुहुँदै आधारभुत शिक्षालाई बलियो बनाए मात्र देशमा दक्ष जनशक्तिको उत्पादन हुने बताउनुभयो । उहाँले नेपालमा सीपमूलक एवं प्रयोगात्मक शिक्षाको आवश्यकता रहेको औंल्याउँदै दक्ष जनशक्तिले समाजलाई सफल र असल बनाउने विचार व्यक्त गर्नुभयो ।

उहाँले सिद्धि गणेश साकोस भक्तपुरमा फोटोग्राफी सुरू गर्ने प्रारम्भिक संस्था रहेको जानकारी दिनुहुँदै संस्थाबाट फोटोग्राफी तालिम लिएका प्रशिक्षार्थीहरूले फोटोग्राफीलाई व्यवसाय बनाएको बताउनुभयो ।

# बचत सम्बन्धी सदस्यहरूबीच अन्तरक्रिया

भक्तपुर, २३ पुस ।

सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.को ३१औं स्थापना दिवसको अवसरमा बचत उपसमितिको आयोजनामा बचत सम्बन्धी सदस्यहरूबीच अन्तरक्रिया कार्यक्रम सिद्धि गणेश तालिम हल, खँचामा सम्पन्न भएको छ ।

कार्यक्रममा संस्थाका अध्यक्ष रूद्र नारायण लाखाले संस्थाका संस्थापक सदस्यहरू सबै सामाजिक क्षेत्रमा लागि रहेको बताउँदै संस्था स्थापनाकालदेखि नै समुदायमा आधारित भई सञ्चालन हुँदै आएको बताउनुभयो । उहाँले नियमित बचत गर्नुपर्ने महत्वबारे चर्चा गर्नुहुँदै ३१ जना जागरूक युवाहरूको रू.१००।- को नियमित बचतबाट सुरु भएको संस्थामा हाल १७ हजार सदस्य र ३ अर्ब १५ करोडको सम्पत्ति जम्मा भएको जानकारी दिनुभयो ।

उहाँले सहकारी संस्थाले सदस्यहरूलाई ऋणी नभई उद्यमी बनाउनुपर्नेमा जोड दिनुहुँदै संस्थाले नाफामुखी उद्देश्य राख्नु भन्दा सदस्यहरूको आर्थिक क्षमता अभिबृद्धि गर्ने उद्देश्य राख्नुपर्ने बताउनुभयो । साथै संस्थाले सदस्यहरूलाई आर्थिक लाभको अवसर प्रदान गर्न विभिन्न सीपमुलक तथा आयमुलक तालिम सञ्चालन गर्दै जानुपर्ने बताउनुभयो ।

उहाँले सदस्यहरूको स्वास्थ्यलाई मध्यनजर गरी सिद्धि गणेश स्वास्थ्य क्लिनिक तथा नियमित स्वास्थ्य शिविर सञ्चालन गर्दै आएको बताउँदै रोग लाग्नुको धेरै कारण मध्य अस्वस्थ्य खानपान पनि रहेको धारणा राख्नुभयो । अध्यक्ष लाखाले घरमै बनेको खाना स्वस्थकर हुने हुँदा संस्थाबाट सदस्यहरूलाई पाक शिक्षा तालिम, अचार बनाउने तालिम, पोषण सम्बन्धी अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्दै आएको र संस्थाको ३१औं स्थापना दिवसको अवसरमा मस्यौरा बनाउने तालिम सञ्चालन हुने समेत जानकारी दिनुभयो ।

कार्यक्रममा संस्थाका सञ्चालक सदस्य तुल्सी दास दुमरूले मानसिक तनावका कारण युवाहरूमा डिप्रेसन जस्ता रोग देखा परेको बताउँदै सानो भन्दा सानो रोगको चिकित्सक परामर्श नलिएमा पछि रोग जीवन घाटक बन्दै जाने स्पष्ट पार्नुभयो । उहाँले संस्थाको स्थापना दिवसको अवसरमा सम्पन्न निःशुल्क मुटुरोग, हाडजोर्नी तथा नसारोग सम्बन्धी स्वास्थ्य शिविरमा मुटुरोग सम्बन्धी परामर्श लिने सदस्यहरूको संख्या धेरै रहेको र समयको पाबन्दीका कारण सबैले परामर्श लिन नपाएको हुँदा पुन मिति २०८१ पुस २७ गते मुटुरोग सम्बन्धि स्वास्थ्य शिविर आयोजना गरिने जानकारी दिनुभयो ।

कार्यक्रमका सभापति एवं संस्थाका सञ्चालक सदस्य कृष्ण गोविन्द लाखाजुले अन्तरक्रिया कार्यक्रममा सदस्यहरूले आफ्नो सुझावहरू प्रस्तुत गर्नुपर्नेमा जोड दिनुहुँदै सदस्यहरूको सुझवलाई छलफल गरी संस्थाका नीति निर्माण गरिने बताउनुभयो । उहाँले सिद्धि गणेश साकोस नेपालको सहकारी अभियानको एक प्रारम्भिक सहकारी रहेको बताउँदै संस्था स्थापना कालदेखि नै समुदायमा आधारित रहेको जानकारी दिनुभयो ।

उहाँले सहकारी संस्था नाफामुखी नभई सामाजिक भावना विकास गर्ने हुनुपर्ने बताउँदै जगेडा कोष बलियो भएका




सहकारी संस्था दिगो हुने कुरा स्पष्ट पार्नुभयो । उहाँले हाल देशमा २०० वटा मात्र सहकारी संस्था समस्या ग्रष्ट रहेको जानकारी दिनुहुँदै हालै पारित सहकारीसम्बन्धि अध्यादेशले समुदायमा आधारित सहकारी संस्था सञ्चालनको क्षेत्रलाई संकोचित बनाएको बताउनुभयो । साथै सो अध्यादेशको देश भरी नै बचत तथा ऋण सहकारी संघ र संस्था एकजुत भई विरोध गर्नुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा संस्थाका निमित्त व्यवस्थापक चन्द्र प्रसाद दुमरूले आजको बचत नै भोलीको भविष्य हो भन्नुहुँदै सहकारी संस्थाले नियमित बचत गर्ने बानीको विकास गराउनुपर्नेमा जोड दिनुभयो । उहाँले सर्वोत्कृष्ट वित्तीय समाधानका लागि सिद्धि गणेश परिकल्पनाका साथ संस्थाले बचत तथा ऋण सुविधाका साथ साथै अन्य मोबाइल बैंकिङ, बिमा, मनी ट्रान्सफर तथा कनेक्ट आइपिएस सेवाहरू समेत संस्थाले प्रदान गर्दै आएको जानकारी दिनुभयो ।

उहाँले संस्थामा उपलब्ध विभिन्न बचतका प्रकारको चर्चा गर्नुहुँदै सदस्यहरूले बचत तथा ऋण कारोवार गर्न संस्थामा उपलब्ध विभिन्न प्रविधिको पनि उपयोग गर्न आग्रह गर्नुभयो ।

अर्धवार्षिक समिक्षा......(पृष्ठ १२ बाट)

रहेको भन्नुहुँदै संस्थामा ऋण लगानीमा कमी हुँदा संस्थाको नाफामा असर हुने भएको कारणले समयमै समस्याको पहिचान गरी रणनीति निर्माण गर्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा संस्थाका निमित्त व्यवस्थापक चन्द्र प्रसाद दुमरूले संस्थाले सुरक्षित ऋण लगानी गर्दै आएको हुनाले संस्थामा सदस्यहरूको बचत सुरक्षित रहेको जानकारी दिनुभयो । उहाँले संस्था प्रविधिलाई आत्मसाथ गरी अघि बढ्दै गए संस्था वित्तीय रूपमा सक्षम बन्ने भन्नुहुँदै समुदायमा आधारित सहकारीलाई हालै जारी भएको सहकारी सम्बन्धी अध्यादेश एक चुनौटी बनेको बताउनुभयो ।

संस्थाले २०८१ पुस मसान्तसम्मा १७,११७ सदस्य, शेयर पूँजी २६ करोड ४६ लाख, निक्षेप तथा बचत २ अर्व ५० करोड ९० लाख, ऋण लगानी १ अर्व ६७ करोड ९८ लाख, जगेडा कोष २५ करोड ३४ लाख तथा कुल सम्पत्ति ३ अर्ब १४ करोड ७१ लाखको संकलन भएको आर्थिक प्रगति विवरण सहित संस्थाको सबल र सुधार गर्नुपर्ने विषयहरूमा छलफल गरिएको थियो ।

# मुटुरोग सम्बन्धी स्वास्थ्य शिविर

२७ पुस, भक्तपुर । यस सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि. को ३१औं स्थापना दिवसको अवसरमा स्वास्थ्य उपसमितिको आयोजनामा मुटुरोग सम्बन्धि स्वास्थ्य शिविर सिद्धि गणेश स्वास्थ्य क्लिनिक, खँचामा सम्पन्न भयो ।

कार्यक्रममा संस्थाका अध्यक्ष रूद्र नारायण लाखाले संस्थाले आर्थिक कारोवारका साथ साथै निरन्तर स्वास्थ्य शिविरहरूको आयोजना तथा सामाजिक क्रियाकलापहरू गर्दै अएको बताउनुभयो । उहाँले सदस्यहरू स्वस्थ्य रहे मात्र संस्था पनि स्वस्थ्य रहने भन्नुहुँदै सुलभ मुल्यमा संस्थाको स्वास्थ्य क्लिनिकबाट गुणस्तरिय स्वास्थ्य सेवा प्रदान गर्दै आएको बताउनुभयो । उहाँले पुस १३ गते सम्पन्न स्वास्थ्य शिविरमा मुटुरोग सम्बन्धि स्वास्थ्य परिक्षण गर्ने सदस्यहरूको संख्या धेरै भएका कारण पुन मुटुरोग सम्बन्धी स्वास्थ्य शिविर आयोजना गरिएको भन्नुभयो । उहाँले शिविरमा ई.सि.जि र इको समेत परिक्षण गरिने जानकारी दिनुहुँदै हरेक बिहीबार क्लिनिकबाट मुटुरोग सम्बन्धी स्वास्थ्य परामर्श प्रादन गर्दै आएको बताउनुभयो ।

कार्यक्रमका अतिथि डा. रत्न सुन्दर लासिवाले कमै सहकारी संस्थाले सदस्यहरूको निम्ति स्वास्थ्य सेवा प्रदान गरिने भन्नुहुँदै समुदायमा आधारित सिद्धि गणेश साकोसले सदस्यहरूको स्वास्थ्यलाई मध्यनजर गरी स्वास्थ्य क्लिनिक सञ्चालन गर्दै आएको बताउनुभयो ।




उहाँले यहि माघ २२ गतेदेखि देशका विभिन्न ठाउँमा मिहिलाहरूको पाठेघरमा हुने क्यान्सर रोगको रोकथाम गर्न १० देखि १४ वर्षसम्मका किसोरीहरूलाई एच.पिइ.भि भ्याकसिन लागाइने जानकारी दिनुभयो । उहाँले हाल समाजमा सरूवा रोग भन्दा नसर्ने रोग बढि रहेको बताउँदै सरूवा रोग भन्दा नसर्ने रोग बढि जीवन घाटक हुने भन्नुभयो । उहाँले सरूवा रोगको औषधी उपचार गरी छिटै सन्चो हुने तर नसर्ने रोगको उपचार लामो समय सम्म गर्नुपर्ने भएकाले बिरामीहरूलाई बढि आर्थिक भार पर्ने बताउनुभयो ।

कार्यक्रममा अतिथि मुटुरोग विशेषज्ञ डा. किसन कुमार कुसुवाले पहिले मुटु सम्बन्धी समस्या बुढापाकालाई मात्र देखिन रोग रहेको बताउँदै वर्तामानमा अस्वस्थ्य खानपानका कारण युवाहरूमा समेत मुटुरोग बढ्न थालेको जानकारी दिनुभयो । उचित जीवन शैली कायम गरे उच्च रक्तचाप र मधुमेह जस्ता रोग रोकथाम गर्न सकिन्छ तर आफ्नो स्वास्थ्यमा ध्यान नदिए ती रोगहरूले पछि विभिन्न अन्य रोगहरू निम्ताउँछ, उहाँले भन्नुभयो । उहाँले नियमित स्वास्थ्य परिक्षण गर्दा रोगका लक्षण समयमै पत्ता लाग्ने र त्यसको समयमै उपचार गरे भविष्यमा रोग जीवन घाटक बन्न नपाउने बताउनुभयो ।

कार्यक्रमका सभापति एवं संस्थाका सञ्चालक सदस्य तुल्सीदास दुमरूले स्वस्थ्य जीवन नै सुखी जीवन हो भन्नुहुँदै आफु स्वस्थ्य भए कुनै पनि कार्यमा सफल बन्न सकिने बताउनुभयो । उहँले हामीमा बिना लक्षणका विभिन्न रोगहरू हुन सक्ने भन्नुहुँदै यस किसिमका शिविर मार्फत रोगहरू छिट्टै पहिचान भई समयमै उपचार हुने बताउनुभायो ।

कार्यक्रममा संस्थाका निमित्त व्यवस्थापक चन्द्र प्रसाद दुमरूले सदस्यहरूको स्वास्थ्यलाई मध्यनजर गरी बि.स. २०६३ साल देखि नै संस्थाबाट सिद्धि गणेश स्वास्थ्य क्लिनिक सञ्चालन गर्दै आएको जानकारी दिनुभयो । उहाँले अहिलेको बचत नै भोलीको भविष्य हो भन्नुहुँदै वर्तमानमा बचत गर्दा बुढेसकालमा स्वास्थ्य समस्या पर्दा बचतका कारण आर्थिक रूपमा आत्मबल कम नहुने बताउनुभयो ।

मुटुरोग सम्बन्धि स्वास्थ्य शिविरमा ७४ जना सदस्यहरूले मुटुरोग सम्बन्धी स्वास्थ्य पिरामर्श लिएका थिए जसमा केही सदस्यहरूको ई.सि.जि र इकोको समेत परिक्षण गरिएको थियो । शिविरमा उपसमितिका सचिव राजेश जाकिवन्जर र सदस्य कृष्ण नारायण दुमरूले पनि बोल्नुभएको थियो ।

---

**सिद्धि गणेश साधारणसभा क्षेत्र नं. १ र २.... (पृष्ठ ९ बाट)**

रहेको बताउनुभयो । भक्तपुर नपाले बजार अनुगमन गर्दै अखाद्य र म्याद नाघेका वस्तुहरूलाई नष्ट गर्दै सरोकारवालाहरूलाई आवश्यकताअनुसार दण्डजरिवानाहरू पनि गर्दै आइरहेको बताउनुभयो ।

कार्यक्रममा जिल्ला बचत संघका कोषाध्यक्ष कान्छाभक्त घजुले सहकारी क्षेत्रबाट भएका राम्रा र उदाहरणीय कार्यहरूको प्रचार कम मात्र हुने गरेको बताउँदै सहकारीमा जम्मा भएको रकम विना धितो सदस्यहरूलाई ऋण प्रवाह गर्दा सहकारी संस्थाहरू संकटग्रस्त हुने गरेको बताउनुभयो ।

सिद्धि गणेश साकोसका सचिव विष्णुप्रसाद दुमरूको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा छिमेकी संस्थाहरू लोकेश्वर बचत तथा ऋण सहकारी संस्थाका राजन जति, टोखास्थित मिर्मिरे साकोसका सचिव शैलेश डंगोलले सहकारी संस्थाहरूप्रति वितृष्णा फैलिएको समयमा भक्तपुरका समुदायमा आधारित सहकारी संस्थाहरूले उल्लेखनीय कार्यहरू गर्दै आएको र समाजवादी अवधारणाअनुसार सहकारी संस्थाहरू सञ्चालन हुनु जरूरी रहेको बताउनुभयो ।

उक्त कार्यक्रममा नगर प्रमुख प्रजापतिले असल बचतकर्ता र असल ऋणीलाई प्रमाणपत्र वितरण गर्नुभएको थियो ।

संस्थाका सचिव बिष्णु प्रसाद दुमरूको सभापतित्वमा भएको उक्त कार्यक्रममा स्वागत सञ्चालक सदस्य कृष्ण गोविन्द लाखाजु तथा सञ्चालन संस्थाका सञ्चालक सदस्य रमेश दुमरूले गर्नुभएको थियो ।

# छ्वाली कला (आर्ट) तालिम सम्पन्न

भक्तपुर, २ माघ । सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्थाको ३१औं स्थापना दिवसको अवसरमा महिला तथा बालबालिका उपसमितिको आयोजनामा छ्वाली कला (आर्ट) तालिमको समापन कार्यक्रम सिद्धि गणेश तालिम हल, खँचामा सम्पन्न भएको छ ।




कार्यक्रममा संस्थाका अध्यक्ष रूद्र नारायण लाखाले तालिमको पहिलो दिन विद्यार्थीहरूलाई छ्वाली भनेको के हो भन्ने जानकारी समेत नरहेकोमा तालिमका कारण विद्यार्थीहरूले छ्वालीबाट विभिन्न आकृति बनाउने कला सिक्ने अवसर प्रदान गरेको बताउनुभयो । उहाँले संस्थाको स्थापना दिवसको अवसरमा विभिन्न शिविर, कार्यक्रम तथा तालिम आयोजना गरिएको जानकारी दिनुभयो । उहाँले समान उमेरका बालबालिकालाई तालिम दिए तालिम बढी प्रभावकारी हुने सुझावको छलफल गरी सोही अनुसार आगामी तालिमहरू आयोजना गरिने बताउनुभयो ।

उहाँले तालिमका प्रशिक्षकलाई कदर पत्र र प्रशिक्षार्थीहरूलाई प्रमाणपत्रका साथै तालिमका उत्कृष्ट ३ जना प्रशिक्षार्थीलाई पुरस्कार पनि वितरण गर्नु भएको थियो ।

कार्यक्रमका सभापति एवं संस्थाका सञ्चालक सदस्य रञ्जना प्रजापतिले संस्थाका सदस्यहरूको सेवा गर्ने भावले भक्तपुरको पूर्वमा यातु गणेश सेवा केन्द्र र पश्चिममा सेवा केन्द्र, तेखापुखु सञ्चालन गर्दै आएको बताउनुभयो । उहाँले बाल बालिका कुमाले को माटो जस्तै रहेको बताउँदै अभिभावकले बालबालिकालाई सानैदेखि पढाईका साथ साथै अतिरिक्त क्रियाकलापमा संलग्न गराउनुपर्ने बताउनुभयो ।

कार्यक्रममा संस्थाका निमित्त व्यवस्थापक चन्द्र प्रसाद दुमरूले हाल बाल बालिका पढाई र अतिरिक्त क्रियाकलापमा भन्दा मोबाईल चलाउनमा बढी ध्यान दिने प्रवृत्ति भएकाले तालिमको उद्देश्य बालबालिकालाई अतिरिक्त क्रियाकलापमा संलग्न गराउनु रहेको धारणा राख्नुभयो ।

कार्यक्रममा तालिमका प्रशिक्षक सिताराम गोसाईंले आफू विगत २० वर्षदेखि छ्वाली कलामा संलग्न रहेको र विभिन्न प्रदर्शनीमा छ्वाली कलाका लागि सम्मान पनि पाएको जानकारी दिनुभयो । उहाँले निरन्तर अभ्यासले नै मानिसलाई कुनै पनि क्षेत्रमा निपुण बनाउने भन्नुहुँदै तालिममा सिकेको छ्वाली कलालाई व्यावसायिक रूप दिए आर्थिक विकास पनि हुने बताउनुभयो ।

कार्यक्रममा उपसमितिका सचिव नारां देवी दुमरू र संस्थाका कर्यक्रम तथा प्रवर्द्धन अधिकृत बिमल लवजुले पनि बोल्नुभएको थियो ।

# नेपाल भाषा रञ्जना लिपि तालिम

भक्तपुर, २९ चैत । सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्थाको यातु गणेश सेवा केन्द्र व्यवस्थापन उपसमितिको आयेजनामा नेपाल भाषा रञ्जना लिपि तालिमको समापन कार्यक्रम सिद्धि गणेश तालिम हल, खँचामा सम्पन्न भयो ।

कार्यक्रममा संस्थाका अध्यक्ष रूद्र नारायण लाखाले संस्था सदस्यहरूको हरेक वित्तीय समस्याको सर्वोत्कृष्ट समाधान गर्ने परिकल्पनाका साथ अघि बढि रहेको उल्लेख गर्नुहुँदै संस्था समुदायमा आधारित भई समुदायको हित र विकासका लागि निरन्तर लागि रहेको बताउनुभयो । उहाँले संस्थाका प्रत्येक सदस्यहरूलाई दक्ष बनाउन निरन्तर सीपमुलक, क्षमता अभिबृद्धि तथा आयमुलक तालिम सञ्चालन गर्दै आएको भन्नुहुँदै बढ्दो उमेरसँगै बढ्दो जिम्मेवारीका कारणले समय व्यवस्थापन गर्न कठिन हुने भएकोले युवा अवस्थामै विभिन्न तालिममा समावेश हुनुपर्ने विचार व्यक्त गर्नुभयो ।

कार्यक्रमका सभापति संस्थाका सञ्चालक सदस्य एवं उपसमितिका संयोजक रमेश दुमरूले यातु गणेश सेवा केन्द्र संस्थाका पूर्वी भेगका सदस्यहरूको सेवाको लागि स्थापना भएको बताउँदै सहकारी संस्थाहरूले आर्थिक कारोवारमा मात्र सिमित




नभई सदस्यहरू एवं समाजको विकास हुने कार्यमा पनि जोड दिनुपर्ने बताउनुभयो । उहाँले उपसमितिबाट नेपाल भाषा रञ्जना लिपिको प्रवर्द्धन एवं विकासको निम्ति विगतमा पनि तालिमहरू सञ्चालन गरेको जानकारी दिनुभयो ।

कार्यक्रममा संस्थाका व्यवस्थापक शिला गोसाईंले सहकारी क्षेत्रको विकासका लागि संस्थाका सञ्चालक र कर्मचारीले मात्र नभई सदस्यहरूले पनि सहकारी सम्वन्धी जारी भएका संशोधित ऐन, नियमावली, निर्देशन तथा मापदण्ड सम्बन्धी जानकार हुनुपर्ने बताउनुभयो । साथै हालै नेपाल राष्ट्र बैंकले जारी गरेको

निर्देशन तथा मापदण्ड, २०८१ विद्यमान सहकारी ऐन २०७४ र नियमावली २०७५ मा भएको व्यवस्था अनुरूप बाँझिएका केहि बुदाँहरू बारेमा जानकारी गराउनुभयो ।

कार्यक्रममा तालिमका प्रशिक्षक किशोर गोसाईले जुन सुकै तालिममा प्रशिक्षार्थीहरूको सक्रिय सहभागिता हुँदा प्रशिक्षक पनि उत्साहित र प्रेरित हुने बताउनुभयो । उहाँले शिलालेख तथा अन्य नेपाल भाषाका किताबहरूमा रञ्जना लिपि भन्दा प्रचलित लिपिको बढि प्रयोग हुने जानकारी दिनुहुँदै तालिममा सिकेका ज्ञान अरूलाई पनि सिकाए मात्र तालिम सफल हुने बताउनुभयो । उहाँले तालिममा सिकेको ज्ञानको थप अनुसन्धान गरी लिपिको प्रवर्द्धन र विकास गर्नुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा उपसमितिका सदस्य कमल कोजु, संस्थाका कार्यक्रम तथा प्रवर्द्धन अधिकृत बिमल लवजु र प्रशिक्षार्थी अम्बिका न्याइच्याईले पनि बोल्नुभएको थियो ।

## कुरूस प्रयोग गरी पर्स र ब्याग बनाउने तालिम

भक्तपुर, १३ पुस । यस सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्थाको सेवाकेन्द्र व्यवस्थापन उपसमिति, तेखापुखुको आयोजनामा संस्थाको ३१औं स्थापना दिवसको अवसरमा दुई दिने कुरुश प्रयोग गरी पर्स र ब्याग बनाउने तालिमको समापन कार्यक्रम सेवा केन्द्र कार्यालय, तेखापुखुमा सम्पन्न भयो ।

कार्यक्रममा संस्थाका अध्यक्ष रूद्र नारायण लाखाले समुदायमा आधारित भई कार्य गर्दै आएको यस संस्था सदस्यहरूको विश्वास र सहयोगले गर्दा जिल्लामा मात्र नभई राष्ट्रकै सफल सहकारी बन्न सफल भएको बताउनुभयो । उहाँले संस्थाबाट निरन्तर सीपमुलक, आयमुलक तथा व्यक्तित्व विकास गर्ने तालिमहरू सञ्चालन गर्दै आएको बताउँदै तालिमलाई तालिममा मात्र सिमित नराखि पेश बनाई उद्यमशिलता विकास गर्नुपर्नेमा जोड दिनुभयो ।




उहाँले जसरी व्यक्तिको जन्मदिनमा सुस्वास्थ्य तथा प्रगतिको लागि उत्सव मनाउँछ त्यसरी नै संस्थाको ३१औं स्थापना दिवसको अवसरमा संस्थाको उत्तरोतर प्रगति गर्ने लक्ष्य तथा कामनाका साथ विभिन्न कार्यक्रम आयोजना गरिने जानकारी दिनुभयो । उहाँले तालिममा बसेर मात्र नपुग्ने तालिममा सिकेका सिप निरन्तर उपयोग गरी अरूलाई समेत सीप सिकाउँदै जानुपर्ने धारणा राख्नुभयो । अध्यक्ष लाखाले असफलता नै सफलताको प्रतिक हो भन्नुहुँदै सिकेका सिपको प्रयोग गरी उद्यम गर्दा सुरूवातमा सफल नभए पनि निरन्तर अभ्यास गर्दै जाँदा एक दिन अवश्य सफलता मिल्ने बताउनुभयो ।

उपसमितिका संयोजक एवं कार्यक्रमका सभापति राधेश्याम सैंजूले वि.सं. २०६९ सालदेखि संस्थाका पश्चिमी भेगका सदस्यहरूलाई सहज रुपमा संस्थाको सेवा र सुविधा प्रदान गर्न सेवा केन्द्र सञ्चालन हुँदै आएको जानकारी दिनुभयो । उहाँले संस्थाको स्थापना कालमा साहु महाजनसँग ऋण लिंदै धेरै कठिनाई भोग्नु परेकोले भ.न.पा. ७ चोर्चाका ३१ जना जागरूक युवाहरूको अगुवाईमा संस्था स्थापना भएको स्मरण गर्नुहुँदै स्थापना कालदेखि नै संस्था समुदायमा आधारित भई सञ्चालन हुँदै आएको बताउनुभयो ।

कार्यक्रममा तालिमका प्रशिक्षक एवं उपसमितिका सदस्य चम्पा खत्रीले बजारमा साधारण पर्स तथा ब्याग खरिद गर्दा निक्कै महङ्गो हुने र तिकाउ पनि नहुने बताउँदै आफुसँग भएको पर्स र ब्याग बनाउने सीप सदस्यहरूलाई पनि हस्तान्तरण गरी कम लगानीमा गण्स्तरीय एवं टिकाउ पर्स र ब्याग बनाई सदस्यहरूको सीप विकास एवं अनावश्यक खर्च कटौटी गरी बचत गर्ने बानी विकास गराउने तालिमको उद्देश्य रहेको बताउनुभयो ।

कार्यक्रममा संस्थाका निमित्त व्यवस्थापक चन्द्र प्रसाद दुमरूले संस्थाको ३१औं स्थापना दिवसको अवसरमा संस्थाका ऋणी तथा सदस्यहरूको लागि ऋण लगानी सम्बन्धि जानकारी एवं अन्तरक्रिया कार्यक्रम पुस १५ गते आयोजना हुने जानकारी दिनुभयो । साथै सदस्यहरूको सीप विकास गर्न वासिङ मेसिनमा प्रयोग हुने झोल डिटर्जेन्ट बनाउने तालिम र दुईदिने मस्यौरा बनाउने तालिम क्रमश पुस १९ तथा २६ र २७ गते हुने बताउनुभयो ।

उहाँले संस्थाका बाल बचतकर्ता एवं कक्षा ५ देखि ९ का विद्यार्थीहरूको व्यक्तित्व विकास तथा क्षमता विकास गर्न छ्वाली कला (आर्ट) तालिम पुस २४ देखि माघ २ गतेसम्म सञ्चालन गरिने जनकारी दिनुभयो ।

निमित्त व्यवस्थापक दुमरूले ३१ जनाबाट सुरू भएको यस संस्था सदस्यहरूको विश्वासका कारणले हाल १७००० भन्दा बढि सदस्य ३३०० भन्दा बढि बाल बचतकर्ता एवं ज्यष्ठ नागरीक सदस्यहरू बचि कारोवार गर्दै आएको बताउनुभयो ।

उपसमितिका सचिव पुण्यराम कर्माचार्यले सञ्चालन गर्नुभएको उक्त कार्यक्रममा तालिमका प्रशिक्षार्थी लक्ष्मी शोभा बासुकलाले पनि बोल्नुभएको थियो ।



# वासिङ मेसिनमा प्रयोग गर्ने झोल डिटर्जेन्ट बनाउने तालिम सम्पन्न




भक्तपुर, १९ पुस । सिद्धि गणेश साकोसको सदस्य व्यवसाय प्रवर्द्धन उपसमितिको आयोजनामा संस्थाको ३१औं स्थापना दिवसको अवसरमा वासिङ मेसिनमा प्रयोग गर्ने झोल डिटर्जेन्ट बनाउने तालिम संस्थाको तालिम हल, खँचामा सम्पन्न भयो ।

कार्यक्रममा संस्थाका अध्यक्ष रूद्र नारायण लाखाले संस्था सर्वोत्कृष्ट वित्तीय समाधानका लागि सिद्धि गणेश परिकल्पनाका साथ समुदायमा आधारित भई अघि बढि रहेको बताउनुभयो । उहाँले सदस्यहरूलाई शिक्षा दिने उद्देश्यले विभिन्न सीपमुलक, आयमुलक, क्षमता विकासका तालिमका साथ साथै विभिन्न अभिमुखिकरण तथा अन्तरक्रियात्मक कार्यक्रम निरन्तर आयोजना गर्दै आएको जानकारी दिनुभयो ।

उहाँले संस्थाबाट प्रदान गरिएका तालिमको उपयोग गरी व्यवसाय सुरू गर्ने सदस्य न्यून रहेको प्रति दु:ख व्यक्त गर्नुहुँदै तालिम लिएर अरूलाई तालिम दिन योग्य बन्न नसकेसम्म तालिममा सहभागी भएको औचित्य नरहने बताउनुभयो ।

उहाँले हालै पारित सहकारी सम्बन्धि अध्यादेशले समस्यामा परेका सहकारी सुधार गर्ने बहानामा समुदायमा आधारित सहकारी सञ्चालनमा बाधा पुऱ्याएको विचार व्यक्त गर्नुभयो ।

उपसमितिका संयोजक एवं कार्यक्रमका सभापति सपना कवांले संस्थाले सदस्य एवं समाजको हितका लागि नियमित रूपमा विभिन्न सीपमूलक एवं आयमूलक तालिम सञ्चालन गर्दै आएको जानकारी दिनुभयो । उहाँले सदस्यहरूलाई आर्थिक अवसरहरू प्रदान गर्ने हेतुले तालिम आयोजना गरिएको बताउनुभयो ।

कार्यक्रममा तालिमका प्रशिक्षक नारायण भक्त भेलेले कुनै पनि तालिममा सहभागी हुँदा नयाँ कुराको ज्ञान प्राप्त हुने बताउँदै खर्च कटौटी गर्न सके मात्र बचत गर्न सकिने भन्नुभयो । उहाँले तालिममा एक पटक सहभागी भएर मात्र नपुग्ने तालिममा सिकेका ज्ञान र विधिको निरन्तर अभ्यास गरे मात्र तालिममा सिकेका विषयमा पोक्त बन्ने बताउनुभयो ।

कार्यक्रममा संस्थाका निमित्त व्यवस्थापक चन्द्र प्रसाद दुमरूले तालिममा सहभागीहरूलाई तालिममा सिकेका विषयलाई निरन्तर अध्ययन र अभ्यास गरी पछि आफैले प्रशिक्षण दिनुपर्नेमा जोड दिनुभयो । उहाँले सदस्यहरूको स्वास्थ्यको ख्याल गरी संस्थाले आयोजना गरेका कार्यक्रमहरूमा नि:शुल्क सुगर परिक्षण गर्दै आएको जानकारी दिनुभयो । उहाँले संस्थालाई अझ सफल बनाउन संस्थाबाट प्रदान गरिने बचत सेवा मात्र उपयोग नगरी ऋण सुविधा पनि उपयोग गर्दै जानुपर्ने बताउनुभयो ।

# जडिबुटीको सहि उपयोग सम्बन्धी अभिमुखिकरण कार्यक्रम




भक्तपुर, २ फागुन । यस सिद्धि गणेश साकोसको लघुवित्त तथा बचत समुह परिचालन उपसमितिको आयोजनामा जडिबुटीको सहि उपयोग सम्बन्धी अभिमुखिकरण कार्यक्रम सिद्धि गणेश तालिम हल, खँचा सम्पन्न भयो ।

कार्यक्रममा संस्थाका अध्यक्ष रूद्र नारायण लाखाले यस संस्था बचत तथा ऋण सहकारी संस्था भएता पनि निरन्तर समाजिक क्रियाकलापमा संलग्न रहेको उल्लेख गर्नुभयो । उहाँले शरीरको आवश्यकता अनुसार सहि मात्रामा खाना सेवन गरे शरीर स्वस्थ हुने बताउँदै हाल मानिसहरूमा परिश्रम र व्यायामको कमीको कारण विभिन्न रोगहरू निम्ति रहेको बताउनुभयो ।

कार्यक्रमका सहजकर्ता डा. सरिता श्रेष्ठले विगतमा नेपालबाट निर्यात हुने वस्तुहरू उत्पादनका कमीले र आफूसँग भएको स्रोतको पहिचान गर्न नसकेको कारणले आज अति आवश्यक वस्तुहरू समेत विदेशबाट आयात गर्नुपर्ने अवस्था रहेको बताउनुभयो । उहाँले हाम्रा परम्परागत खानेकुराहरूले आयुर्वेदको कार्य गर्ने र नियमित व्यायाम गरी आफ्नो शरीरको आफै ख्याल राख्नुपर्ने सुझाव दिनुभयो । उहाँले हामी माझ रहेको परम्परागत खानेकुरा र संस्कृतिलाई बौद्धिक सम्पतिको रूपमा लिई ती सम्पतिहरूलाई व्यावसायिक स्वरूप दिनुपर्नेमा जोड दिनुभयो ।

उहाँले विदेशी परम्परा र संस्कृतिको अतिक्रमणले नेपालको मौलिक परम्परा र संस्कृति हराउँदै गएको प्रति चिन्ता व्यक्त गर्नुहुँदै हाम्रो राम्रा जीवनशैली वैदेशिक जीवनशैलीमा परिवर्तन हुनाले विभिन्न मानसिक रोगहरू बढ्दै गएको हो भन्नुभयो ।

उहाँले सन्तुलित आहाराले मानिसलाई स्वस्थ बनाई राख्छ भन्नुहुँदै नेवार समुदायमा समायानुकुल खाना खान विभिन्न चाड आई रहने र नेवार समुदायमा सन्तुलित आहारको उपयोग भई रहने बताउनुभयो ।

कार्यक्रमका सहजकर्ता पूर्णभक्त दुवालले आदिबासी र जनजातीहरूको मात्र परम्परागत खाने कुरा हुने बताउँदै खानपान र आयुर्वेदले मनोवैज्ञानिक उपचार हुने दृष्टान्त पेश गर्नुभयो । उहाँले परम्परागत स्वास्थ्य सेवाको ज्ञान र सीपको अध्ययन र अनुसन्धान नभएको कारण परम्परागत आर्युवेदिक स्वास्थ्य सेवाको अवस्था नाजुक रहेको बताउनुभयो ।

उहाँले जनमानसमा आर्युवेदिक औषधीको म्याद नसकिने र जति औषधी पुरानो भयो उति बढि काम गर्ने विचार रहेको जनु एकदमै गलत रहेको बताउँदै म्याद नागेका आर्युवेदिक औषधीको कारणले स्वास्थ्यमा अनुकूल असर गर्ने जानकारी दिनुभयो ।




नव वर्ष २०८२ एवं बिस्का:जात्राको शुभकामना आदानप्रदान कार्यक्रममा बोल्नु हुँदै भक्तपुर न.पा.का प्रमुख सुनिल प्रजापति




संस्थाको विनियम पुनर्लेखन सम्बन्धी गोष्ठीमा संस्थाका समिति तथा कर्मचारीहरू



सहकारी विभागको वृत्तचित्र निमार्णका लागी संस्थाको पदाधिकारी तथा कर्मचारीहरू र विभागका शाखा अधिकृत बिच छलफल भेटघाट




बिस्का: जात्रा एवं नयाँ वर्ष २०८२ को उपलक्ष्यमा आयोजित शुभकामना र्‍यालीमा संस्थाका समिति र कर्मचारीहरूको सहभागीता



परम्परागत खिं बाजा (पछिमा बाजा) प्रशिक्षणमा प्रशिक्षार्थीहरूलाई वाद्यवादन हस्तान्तरण गर्नुहुँदै तालिमका प्रशिक्षक




डेङ्गी रोग रोकथामका लागी आयोजित सरसफाई कार्यक्रममा संस्थाको सञ्चालक समिति र कर्मचारीहरूको सहभागिता




नि:शुल्क खानेपानी वितरण कार्यक्रम



कानून सम्बन्धी अभिमुखिकरण कार्यक्रममा संस्थाका कर्मचारीहरू

**सम्पादन व्यवस्थापन:** शिक्षा उपसमिति, सम्पर्क नं.: ६६१३२०१, ६६२१२०१, ६६२१२०२, ६६२१२०३, ६६२१२०४, यातु गणेश सेवा केन्द्र- ६६१९५४०, सेवाकेन्द्र, तेखापुखु : ६६२१२००, ईमेल: sgsaccos@hotmail.com , sgsaccos@gmail.com, वेबसाइट: www.sgsaccos.com.np